# विश्व व्यापार संगठन (WTO) को सामान्य जानकारी


| | | |
|---|---|---|
| श्री तेज थापा | : | लेखन तथा सम्पादन, CNI / GIP |
| श्री हरी न्यौपाने | : | परामर्शदाता |
| श्री प्रधुम्न पाण्डे | : | समिक्षक, कृषि मन्त्रालय, WTO शाखा |
| श्री रवि भट्टराई | : | समिक्षक, वाणीज्य तथा आपुर्ति मन्त्रालय, WTO शाखा |



प्रकाशक :

गो इन्टरनेशनल प्रोजेक्ट
नेपाली उत्पादन अन्तरराष्ट्रिय बजारमा

गो इन्टरनेसनल प्रोजेक्ट
नेपाल उद्योग परिसंघ, ट्रेड टावर
थापाथली, काठमाण्डौ
नेपाल
www.gointernational.org.np

कम्प्युटर सेटिङ्ग : रिड मिडिया प्रा. लि.
फोन नं. : ०१ ४४९७५०९

# भनाई

नेपाल उद्योग परिसंघ (CNI) समग्र औद्योगिक क्षेत्रको विकाशका लागि स्थापित निजी क्षेत्रको प्रतिनिधिमूलक राष्ट्रिय संगठन हो । देशको आर्थिक विकाशका लागि औद्योगिक क्षेत्रको योगदान अतुलनीय रहेको छ। देशमा उद्योग स्थापना र यसको विकासले निर्यात व्यापारको विकाश, बढ्दो व्यापार घाटा कम गर्दै र बेरोजगार समस्या समाधान गर्न प्रत्यक्ष भूमिका रहेको हुन्छ नेपाल पनि बिश्व ब्यापार संगठन (WTO) को सदस्य भएपश्चात यसले अपनाउनु पर्ने ब्यापारिक रणकौशल र अन्तर्राष्ट्रिय बजारको मापदण्ड पुरा गरी गुणस्तरीय बस्तु तथा सेवा प्रदान गर्ने उद्देश्यले नेपाल सरकारले अवलम्बन गरेको नेपाल व्यापार एकिकृत रणनीति (NTIS-2010) अन्तर्गतका बस्तुहरू तथा सेवा व्यापारमा टेवा पुग्ने उद्देश्यले युरोपियन युनियनको आर्थिक सहयोगमा CNI को नेतृत्वमा, WVAF र CAI जस्ता राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्था सँगको साझेदारीमा Go International Project कार्यान्वयनमा रहेको छ।

यस परियोजनाको मूख्य उद्देश्य समाबेशी आर्थिक बृद्धि गर्नमा योगदान पुर्याउनु रहेको छ। तसर्थ निर्यात व्यापारमा पनि विभिन्न परिस्थितिमा पछि पारीएका समूहलाई समाहित गरि राष्ट्रिय अर्थतन्त्रलाई मजबुत बनाउने उद्देश्यले WTO सम्बन्धि संक्षिप्त जानकारी एवं तत्काल प्रयोजनका लागि प्रकाशित गरीएको Guidebook तपाईं हाम्रो हातमा रहेको छ, जुन सबैलाई अत्यन्तै उपयोगी हुने देखिएको छ । यसको उपयोगिता साधारण किसान देखि उद्योगी, निर्यातकर्ता, नीति निर्माता र विभिन्न क्षेत्रका व्यक्तिहरूलाई प्रत्यक्ष वा परोक्ष रूपमा उपयोगीहुने नेपाल उद्योग परिसंघ (CNI)ले विश्वास लिएको छ। नेपालमा यस किसिमको पुस्तिका पहिलो हो, जुन सरल नेपाली भाषामा प्रकाशित गरिएको छ।

अन्तमा यो पुस्तिका तयारको लागि सहयोग गर्नुहुने EU, साझेदारी संस्थाहरू, सरकारी निकायहरू, परामर्शदाता र परियोजना टोलीलाई धन्यवाद दिन चाहन्छु ।

**नरेन्द्र कुमार बस्न्यात**
**अध्यक्ष**
**नेपाल उद्योग परिसंघ** (CNI)

FORWARD (EU)

# EU-Nepal Political and Economic Relations

The European Union's political and economic relations with Nepal were established in 1973 and are guided by its fundamental principles to achieve peace, stability, democracy, human rights and economics prosperity.

The overall development cooperation strategy has been worked out in mutual consultation with the Government of Nepal and a Country Strategy Paper (2007-2013) for a period of seven years has been prepared.

Under the same scheme, EU is also focusing to build the capacity of non-state actors who are contributing in economic development of Nepal. Among them, GO International Project is such initiatives which will contribute in 'Inclusive Economic Growth' of Nepal via increased trade and business capacities. After the accession of Nepal into WTO, it is paramount important to know the international standard to meet while exporting to developed countries with narrowing the trade gap whereas also to address the exclusion of marginal and deprived communities in business and trade sector. I hope this project is going to address this issue to some extent.

In this regard, the WTO Guidebook in Nepali which is first of its own kind will certainly help to understand the WTO, its agreements, effects on Nepal and some initiatives like Go International Project. So I am hopeful of making this publication useful to target groups, ultimately sharing the benefits by all from mainstream economic development globally and locally.

*EU Ambassador to Nepal,*
**Ms. Rensje Teerink**

## (Acronyms)

| | |
|---|---|
| **ABPSD** | - Agri Business Promotion of Statistics Division |
| **AfT** | - Aid for Trade |
| **AoA** | - Agreement on Agriculture |
| **APPPC** | - Asia Pasific Plant Protection Convention |
| **DFQF** | - Duty Free Quota Free |
| **DFTQC** | - Department of Food Technology and Quality Control |
| **DLS** | - Department of Livestock Service |
| **DLSO** | - Department of livestock Service Office |
| **DoA** | - Department of Agriculture |
| **DTIS** | - Diagnostic Trade Integration Strategy |
| **EBA** | - Everything but Arms |
| **EIF** | - Enhanced Integrated Framework |
| **GAP** | - Good Agriculture Practice |
| **GATS** | - General Agreement on Trade in Services |
| **GATT** | - General Agreement on Tariffs and Trade |
| **GI** | - Geographical Indication |
| **GIP** | - Go International Project |
| **IBRD** | - International Bank for Reconstruction and Development |
| **IMF** | - International Monetary Fund |
| **IPPC** | - International Plant Proctection Convention |
| **ITO** | - International Trade Organization |
| **LDCs** | - Least Developed Countries |
| **MFN** | - Most Favored Nation |
| **MoAD** | - Ministry of Agriculture Development |
| **NARC** | - Nepal Agriculture Research Council |
| **NTIS** | - Nepal Trade Integration Strategy |
| **OECD** | - Organization for Economic Cooperation and Development |
| **PPD** | - Public Private Dialogue |
| **RoO** | - Rules of Origin |
| **S & DT** | - Special and Differential Treatment |
| **SCM** | - Subsidies and Countervailing Measures |
| **SPS** | - Sanitary and Phytosanitary |
| **TBT** | - Technical Barriers to Trade |
| **TRIPS** | - Trade Related Aspects of Intellectual Property Rights |
| **TRTA** | - Trade Related Technical Assistance |
| **WTO** | - World Trade Organization |

# Contents


परिच्छेद-१

विश्व व्यापार संगठनको सामान्य जानकारी तथा विकासक्रम ८

१.१ ऐतिहासिक पृष्ठभूमि र बिकास क्रम ९

१.२ विश्व व्यापार सम्वन्धि सामान्य जानकारी १०

१.३ विश्व व्यापार संगठनका उद्देश्यहरु १०

१.४ विश्व व्यापार संगठनका कार्यहरु ११

१.५ विश्व व्यापार संगठनको कार्यक्षेत्र १२

१.६ विश्व व्यापार संगठनका सिद्धान्तहरु १२

परिच्छेद-२

विश्व व्यापार सङ्गठनको प्रमुख सम्झौताहरु १६

२.१ बस्तु व्यापार सम्वन्धित सम्झौताहरु १७

२.१.१ बस्तु व्यापार अन्तर्गतका सम्झौताहरु १७

२.१.१.१ भन्सार मूल्याङ्कनसम्बन्धी सम्झौता (Customs Valuation Agreement) १७

२.१.२ कृषिसम्बन्धी सम्झौता (Agreement on Agriculture) १७

२.१.१.३ मानव, जनावर र वनस्पति स्वास्थ्य उपायहरुसम्बन्धी सम्झौता १८

२.१.१.४ कपडा र वस्त्रसम्बन्धी सम्झौता १९

२.१.१.५ व्यापारका प्राविधिक अवरोधहरुसम्बन्धी सम्झौता २०

२.१.१.६ व्यापारसम्बद्ध लगानी उपायहरुसम्बन्धी सम्झौता २०

२.१.१.७ उत्पत्तिको नियमहरुसम्बन्धी सम्झौता २१

२.१.१.८ आयात इजाजत-पत्र जारी गर्ने प्रक्रियासम्बन्धी सम्झौता २१

२.१.१.९ सहुलियत र समकारक उपायहरुसम्बन्धी सम्झौता २२

२.१.१.१० एन्टी-डम्पिङ्गसम्बन्धी सम्झौता २३

२.१.१.११ सुरक्षा उपायहरुसम्बन्धी सम्झौता २३

२.१.१.१२ निकासीपूर्व निरीक्षणसम्बन्धी सम्झौता २४

२.२ सेवा व्यापारसम्बन्धी सम्झौता (General Agreement on Trade in Services) २४

२.३ व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी सम्झौता २५

## परिच्छेद-३


**WTO र नेपाल** २६

३.१ ग्याटको सदस्यताकोलागि पहल २७

३.२ विश्व व्यापार संगठनको सदस्यताबाट नेपाललाई प्राप्त हुनसक्ने सुविधा, फाइदा तथा अवसरहरु २७

३.३ विश्व व्यापार संगठनको सदस्यताबाट सिर्जित चुनौतीहरु २८

४. कृषि क्षेत्रमा पर्ने प्रभाव ३०

४.१ वातावरण, मानव, पशु तथा वनस्पति स्वास्थ्यसम्बन्धमा पर्ने प्रभाव ३१

४.२ साना राष्ट्रको विश्व अर्थतन्त्रमा सीमान्तकृत हुने चुनौती ३२


## परिच्छेद-४


**गो ईन्टरनेशनल प्रोजेक्ट सम्बन्धि जानकारी** ३४

१. समावेशी आर्थिक वृद्वी संरचना ३५

२. Go International Project ३७

क) चुनौतीहरू ३७

ख) प्रमुख उद्धेश्य ३८

ग) लक्षित समूह ३८

घ) विशिष्ट उद्धेश्यहरू ३८

ङ) अपेक्षित परिणाम ३८

३. Go International Project अन्तर्गत समाबेसी आर्थिक वृद्धिका कृयाकलापहरू ३९

सन्दर्भ सामग्री ४१

अनुसूची-१ ४२

अनुसूची-२ ४३

परिच्छेद-१

# विश्व व्यापार संगठनको सामान्य जानकारी तथा विकासक्रम

## १.१ ऐतिहासिक पृष्ठभूमि र विकास क्रम

सोह्रौँ शताब्दीको शुरूदेखि अठारौँ शताब्दीको मध्यसम्म चलेको वाणिज्यवादी (Mercantilist) आर्थिक विचारधाराले राष्ट्रको आर्थिक कल्याण र समृद्धिको लागि अन्तर्राष्ट्रिय व्यापारलाई उच्च महत्व दिएको पाइन्छ । उदार तथा स्वतन्त्र अन्तर्राष्ट्रिय व्यापारको अवधारणा १८ औँ शताब्दीको मध्यतिर यूरोपबाट प्रारम्भ भएको मानिन्छ । औद्योगिक क्रान्तिको जननी मानिने देश बेलायतले सन् १८५३ र सन् १८६० मा वस्तु व्यापारलाई प्रत्यक्ष रूपमा प्रभावित गर्ने कर प्रणालीमा सुधार गर्दै विदेशी व्यापारमा लगाइएको संरक्षणात्मक उपायहरूलाई हटाई पहिलोपल्ट स्वतन्त्र व्यापारको अवधारणालाई कार्यान्वयनमा ल्याएको थियो ।

यसरी दोस्रो विश्वयुद्धको अन्त्य सम्म आइपुग्दा वैदेशिक व्यापारमा लगाइएका अनेक प्रकारका अवरोधहरूको उपस्थितिका कारण अन्तर्राष्ट्रीय ब्यापारमा सुधार हुन नसकेको तथ्यलाई महसूस गरि विश्व अर्थतन्त्रलाई पुनर्जीवन दिन सन् १९४४ को जुलाई महिनामा अमेरिकाको न्यूह्याम्पसायरस्थित ब्रिटन उड्स (Bretton Woods) भन्ने स्थानमा एक अन्तर्राष्ट्रिय सम्मेलन आयोजना भयो । यो सम्मेलनमा विश्वका ४५ राष्ट्रका उच्च प्रतिनिधिहरूको सहभागिता रहेको थियो । सम्मेलनमा उपस्थित प्रतिनिधिहरूले व्यापक छलफल पश्चात् विश्व अर्थतन्त्रको पुनरूत्थान, मौद्रिक स्थिरता र अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धनका पुनर्निर्माण तथा विकासका लागि तीनवटा अन्तर्राष्ट्रिय संस्थाहरूः अन्तर र्राष्ट्रिय बैङ्क (International Bank for Reconstruction and Development: IBRD), अन्तर्राष्ट्रिय मुद्रा कोष (International Monetary Fund: IMF) र अन्तर र्राष्ट्रिय व्यापार संगठन (International Trade Organization: ITO) स्थापना गर्ने निर्णय गरे ।

सन् १९४७ अक्टोबरमा २३ सदस्य राष्ट्रहरूले अन्तर्राष्ट्रिय व्यापार संगठन स्थापना नभएसम्मका लागि बहुपक्षीय व्यापार प्रणालीलाई तदर्थ रूपमा कार्यान्वयनमा ल्याउने उद्देश्यले भन्सार र व्यापारसम्बन्धी सामान्य सम्झौता (General Agreement on Tariffs and Trade: GATT) मा हस्ताक्षर गरे र यो सम्झौता जनवरी, १९४८ देखि कार्यान्वयनमा आयो । अन्तर्राष्ट्रिय व्यापार संगठन स्थापना गर्ने प्रक्रिया १ जनवरी, १९९५ मा पुरा भएको छ । उल्लेखित अवधिमा ग्याटले बहुपक्षीय व्यापार प्रणालीलाई सञ्चालन र नियमन गर्ने संयन्त्रका रूपमा कार्य गरेको थियो ।

## १.२ विश्व व्यापार संगठन सम्वन्धि सामान्य जानकारी

ग्याटको आठ चरणमा भएको वार्ता सन् १९८६ को सेप्टेम्बरमा उरूग्वेबाट शुरू भएर विभिन्न आठ ठाउँमा गरी सन् १९९३ को डिसेम्बरमा जेनेभामा आएर टुङ्गिएको थियो । विश्व व्यापार संगठन एक नियममा आधारित बहुपक्षीय व्यापार प्रणाली (Rules-based Multilateral Trading System) लाई व्यवस्थित गर्ने अन्तर्राष्ट्रिय सङ्गठन हो । संगठनले सदस्य राष्ट्रहरूबाट अनुमोदित सम्झौता, समझदारी र निर्णयहरु बमोजिम अन्तर्राष्ट्रिय व्यापार सञ्चालनका लागि आधार र मार्गनिर्देशन प्रदान गर्दछ। यसको मुख्य उद्देश्य सदस्य मुलुकहरूबीच हुने व्यापारलाई सम्भव भएसम्म सहज, पूर्वानुमानीय र स्वतन्त्र ढङ्ले सञ्चालन गर्न सुनिश्चितता प्रदान गर्नु हो । विश्व व्यापार संगठन अन्तर्गतका सम्झौता तथा नियमहरु सबै सदस्यका निम्ति कानूनी रूपमा बाध्यात्मक हुन्छन् । तर संगठन आफैँले नीति, नियम बनाउने नभई यसले सदस्य राष्ट्रहरूबीच वार्ता भई अनुमोदित सम्झौता तथा नियमहरूलाई कार्यान्वयनमा ल्याउने कार्य गर्दछ । साथै, स्वीकृत सम्झौता विपरीत कुनै सदस्यले आचरण गरेमा त्यसबाट मर्का पर्ने सदस्यले उजूरी गरेको खण्डमा त्यस्तो विवादको छिनोफानो गरिदिने कार्य पनि सङ्गठनको क्षेत्राधिकार भित्र पर्दछ ।

विश्व व्यापार संगठन ग्याटको उत्तराधिकारी संस्था हो । संगठनले ग्याटका धेरैजसो आधारभूत सिद्धान्तहरूलाई अहिले पनि यथावत् रूपमा आत्मसात गरेको छ । तर पनि ग्याट र विश्व व्यापार संगठनबीच धेरै कुरामा भिन्नता पाइन्छ । ग्याटको तुलनामा विश्व व्यापार संगठन कानूनी रूपमा बलियो, बढी कार्य क्षेत्र ओगटेको र प्रभावशाली संस्थाको रूपमा रहेको छ । साथै कार्यक्षेत्र, विवाद समाधान प्रणाली आदिको सन्दर्भमा पनि विश्व व्यापार संगठन ग्याटभन्दा धेरै प्रगतिशील र व्यापक छ । ग्याटले वस्तु व्यापारलाई मात्र समेटेको थियो भने विश्व व्यापार सङ्गठनले वस्तु व्यापारका अतिरिक्त सेवा व्यापार र व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारलाई समेत आफ्नो कार्यक्षेत्रभित्र समेटेको छ ।

## १.३. विश्व व्यापार संगठनका उद्देश्यहरु

विश्व व्यापार संगठन स्थापना गर्नको लागि सन् १९९४ मा भएको माराकेश, ट्युनिसिया सम्झौताको प्रस्तावनामा उल्लेख भएअनुसार विश्व व्यापार संगठन स्थापनाका उद्देश्यहरु देहायबमोजिम रहेका छन् ।

१, विकासोन्मुख र कम विकसित मुलुकहरूको आर्थिक विकासमा सहयोग पुऱ्याई

अन्तर्राष्ट्रिय व्यापारमा सहभागी बनाई सहयोग पुऱ्याउने ।

२, भन्सार महसुललगायत व्यापारका अन्य अवरोधहरूलाई क्रमशः घटाउँदै लगी विकासशील मुलुकहरूको विश्व व्यापारमा सहभागिताको सुनिश्चिततालाई बढाउँदै व्यापारको उदारीकरण अझ व्यापक गर्दै लैजाने ।

३, बहुपक्षीय व्यापार प्रणालीको स्थापना तथा दिगो विकासको अवधारणालाई सार्थक बनाउने ।

४, बहुपक्षीय व्यापार प्रणालीका आधारभूत सिद्धान्तहरूलाई संरक्षण एवं समयसापेक्ष सुधार गर्ने ।

५, व्यापार अभिवृद्धि मार्फत विकसित, विकासोन्मुख तथा अति कम विकसित देशका जनताको जीवनस्तर उठाउन योगदान गर्ने ।

६, सदस्यहरूबीच व्यापार विस्तार गरी पूर्ण रोजगारी हासिल गर्ने र उच्च तथा स्थिर गतिले आम्दानीको परिमाणमा वृद्धि गर्ने ।

७, विश्वका स्रोत-साधनको विवेकपूर्ण एवं समुचित प्रयोग गरी वातावरणको संरक्षण तथा दिगो विकासमा सहयोग पुऱ्याउने ।

## १.४. विश्व व्यापार संगठनका कार्यहरु

सन् १९९४ मा भएको माराकेश सम्झौताको धारा ३ मा उल्लेख भएअनुसार विश्व व्यापार संगठनका कार्यहरु देहायबमोजिम उल्लेख भएका छन् ।

१. विश्व व्यापार संगठनको कानूनी दस्तावेज (Legal Text) अनुसार सम्पन्न भइसकेका बहुपक्षीय, अनेकौं पक्षीय व्यापार सम्झौताहरु तथा भविष्यमा सम्पन्न हुन सक्ने व्यापार सम्झौताहरूको कार्यान्वयन गर्ने ।

२. सदस्य मुलुकहरूबीच द्विपक्षीय तथा बहुपक्षीय व्यापार सम्झौता वार्ताको लागि साझा मञ्चको रूपमा कार्य गर्ने ।

३. सदस्यहरूबीच उत्पन्न भएका व्यापारसम्बन्धी विवादलाई समाधान गर्ने ।

४. सदस्य राष्ट्रहरूले अङ्गीकार गरेका व्यापार नीतिहरूलाई आवधिक रूपमा समीक्षा गर्ने ।

५. विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोषलगायतका अन्तर्राष्ट्रिय आर्थिक नीति निर्माणमा संलग्न निकायसँग समन्वय र सहकार्य गरी सदस्य मुलुकहरूको दिगो आर्थिक बृद्धि तथा समुन्नतिका लागि आवश्यक कार्य गर्ने ।

## १.५ विश्व व्यापार संगठनको कार्यक्षेत्र

विश्व व्यापार संगठनको कार्यक्षेत्रभित्र निम्न तीनवटा प्रमुख विषय समेटिएका छन् ।

१. वस्तु व्यापार (Trade in Goods) : यस अन्तरगत वस्तु व्यापार भन्सार महसुल तथा व्यापार सम्बन्धी साधारण सम्झौता (General Agreement on Tariffs and Trade: GATT) समेटिएको छ ।
२. सेवा व्यापार (Trade in Services) : सेवा व्यापारसम्बन्धी सम्पूर्ण सम्झौताहरू व्यापारसम्बन्धी साधारण सम्झौताअन्तर्गत (General Agreement on Trade in Services: GATS) पर्दछ ।
३. व्यापार सम्बद्ध बौद्धिक सम्पत्तिको अधिकार (Trade Related Aspects of Intellectual Property Rights): व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारको सम्झौताहरूका क्षेत्रहरू पर्दछन।

## १.६. विश्व व्यापार संगठनका सिद्धान्तहरु

अन्तर्राष्ट्रीय बस्तु तथा सेवा व्यापारलाई अघि बढाउन संगठनले बिभिन्न सिद्धान्तहरु आत्मसाथ गर्दै आएको छ । यी सिद्धान्तहरु तुलनात्मक रुपमा विस्तृत, जटिल र अनेकार्थी समेत छन् । यी सिद्धान्तहरु बहुपक्षीय व्यापार प्रणालीका आधारशिलाहरु हुन् । जुन यस प्रकार छन्-

### क. भेदभावरहित व्यवहारको सिद्धान्त (Principle of Non-discrimination)

सदस्य राष्ट्रहरुबीच कुनै भेदभाव नगरी, स्वच्छ, निष्पक्ष र नियमसङ्गत तरिकाले व्यापार सञ्चालन हुनुपर्ने कुरामा यो सिद्धान्तले जोड दिन्छ । यस अन्तर्गत दुईवटा सम्झौता पर्दछन् ।

#### १, अति सौविध्यपूर्ण राष्ट्रको व्यवहार (Most Favoured Nation: MFN)

प्रत्येक सदस्य राष्ट्रले आर्थिक तथा व्यापारिक क्रियाकलापहरूमा एउटा राष्ट्रलाई जे

जस्तो सुविधा प्रदान गर्छ अन्य सदस्य राष्ट्रहरूलाई पनि त्यसमा कुनै कमी नहुने गरी सोही अनुसारको समान सुविधा प्रदान गर्नु पर्दछ । यो ग्याटकै समय देखि बहुपक्षीय व्यापार प्रणालीमा अवलम्बन गरिएको आधारभूत सिद्धान्त हो । यदि कुनै राष्ट्रले एउटा सदस्य राष्ट्रको उत्पादनलाई विशेष सुविधा प्रदान गरिन्छ भने अन्य सदस्य राष्ट्रको उत्पादनमा पनि तत्काल र विनाशर्त सो सुबिधा भन्दा कम नहुने गरी समान सुविधा उपलब्ध गराउनु पर्दछ भन्ने यस सम्झौताको मुख्य मान्यता हो ।

### २, राष्ट्रिय व्यवहार
(National Treatment)

कुनै पनि विदेशी उत्पादनले राष्ट्रिय भन्सार बिन्दुमा पूरा गर्नुपर्ने सम्पुर्ण भन्सार सम्बन्धी शर्तहरु पुरा गरेर स्वदेशी बजारमा प्रवेश गरिसकेपछि त्यसलाई स्वदेशी वस्तु सरह नै व्यवहार गर्नु पर्दछ । यो सिद्धान्तले कुनै पनि सदस्य राष्ट्रहरूलाई स्वदेशी उत्पादन र भन्सार प्रकृया पुरा गरेको आयातित उत्पादनबीच भेदभावपूर्ण व्यवहार गर्न निषेध गर्छ । स्वदेशी उत्पादनलाई संरक्षण प्रदान गर्ने हेतुले समान प्रकृतिको विदेशबाट आयात हुने वस्तुमा भन्सार महसुल बाहेक थप कर, शुल्क वा शर्त वा अन्य यस्तै कुनै व्यवस्था लगाउन पाइँदैन ।

## ख. स्वतन्त्र व्यापारको सिद्धान्त
(Principle of Free Trade)

सदस्य राष्ट्रहरूबीच विना कुनै रोकटोक वस्तु तथा सेवाको स्वतन्त्र व्यापार सञ्चालन हुनुपर्दछ । व्यापार सञ्चालनमा अवरोध सिर्जना हुने गरि वा व्यापारिक कारोवारमा विचलन (Distortion) उत्पन्न हुने गरी सदस्यराष्ट्रहरूले एक पक्षीय रूपमा भन्सार वा गैर भन्सारजन्य कुनै शर्त, बन्देज लगाउन तथा अनावश्यक रूपमा कुनै मापदण्ड निर्धारण वा लागू गर्न हुँदैन । आयात-निर्यात हुने वस्तुमा विना कारण बन्देज लगाउन नपाइने, निर्धारित भन्सार दरभन्दा माथि गएर भन्सार महसुल लगाउन नपाइने, स्वदेशी उत्पादनलाई भन्सार शुल्कको माध्यमबाट मात्र संरक्षण दिन सकिने, अन्य महसुल तथा शुल्क हटाउनुपर्ने, निश्चित सीमा र नियमभित्र रही सदस्य राष्ट्रले आफ्नो बजार सबैका निमित्त खुला राखी बजार पहुँचको अवसर प्रदान गर्नुपर्ने जस्ता कुरा यस सिद्धान्त अन्तरगत पर्दछन् । यदि आयात हुन लागेको वस्तु मानव, पशु तथा वनस्पति स्वास्थ्यको

दृष्टिले हानिकारक छ वा जोखिमपूर्ण छ भने त्यस्तो बस्तुमा र राष्ट्रिय सुरक्षामा आँच पुग्ने अवस्थामा त्यस्तो वस्तु तथा सेवाको व्यापार र आयातमा रोक लगाउने सक्ने अधिकार सङ्गठन अन्तर्गतका सम्झौताहरूले दिएका छन् । यसैले निरपेक्ष ब्यपार स्वतन्त्रा भन्दा पनि स्वच्छ व्यापारको प्रवर्द्धनमा विश्व व्यापार सङ्गठनको जोड रहेको छ ।

### ग. पूर्वानुमानीय एवं पारदर्शिताको सिद्धान्त
(Principle of Predictability and Transparency)

व्यापार सम्बद्ध नीति नियम, प्रक्रिया आदिमा सुनिश्चितता र पारदर्शिता कायम हुनुपर्दछ भन्ने कुरामा यो सिद्धान्तले जोड दिएको छ । यसको लागि सदस्य राष्ट्रहरूले आबद्ध हुँदाको अवस्थामा वस्तु व्यापारमा भन्सार महसुलको सीमाङ्कन (Tariff Binding) आयात निर्यातका शर्त तथा शुल्कहरू, आयात हुने सामानको प्याकेजिङ्ग र लेवलिङ्गको मापदण्ड स्पष्ट गर्नुपर्दछ । साथै, सेवा व्यापार क्षेत्र अन्तर्गत खुला गरिने सेवा तथा उपसेवा क्षेत्र र सेवा/उपसेवा क्षेत्रमा विदेशी लगानी खुला गरिने सिमा तथा शर्त, बन्देज र प्रतिबद्धताको विशेष कार्यसूची (Schedule of Specific Commitments) समेत विश्व व्यापार संगठनको सचिवालयमा पेश गर्नुपर्दछ । व्यापारका क्षेत्रलाई प्रभावित गर्ने कुनै नयाँ नीति, ऐन, कार्यविधि कार्यान्वयनमा ल्याउँदा वा भइरहेको नीति, नियम, व्यवस्थामा कुनै परिवर्तन गर्दा विश्व व्यापार संगठनको सम्बन्धित सम्झौता विपरीत हुने गरी गर्न नपाइने र यसबारेमा सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने तथा विश्व व्यापार संगठनको सम्बन्धित परिषद् वा समितिलाई समयमै जानकारी (Notifications) गराउनुपर्ने बाध्यात्मक व्यवस्था छ ।

### घ. विकासशील र अल्प विकसित सदस्यका लागि विशेष र पृथक् व्यवहारको सिद्धान्त
( Principle of Special & Differential Treatment for Developing and Least Developed Countries)

विकासशील र अल्पविकसित सदस्यहरूका लागि विभिन्न सहुलियतपूर्ण व्यवस्था गरिनुपर्ने विश्व व्यापार संगठनको अर्को महत्वपूर्ण सिद्धान्त हो । न्यून आर्थिक सामाजिक पूर्वाधार तथा संरचनात्मक कमजोरीका कारण विकासशील र त्यसमा पनि अल्प विकसित सदस्यहरु विश्व व्यापार संगठनका कठोर नीति नियम र प्रतिबद्धताहरु तत्कालै

पालना गर्नसक्ने स्थितिमा छैनन् भने उनीहरूको हाल विश्व व्यापारमा हिस्सा पनि नगण्य छ । अतः त्यस्ता कमजोर सदस्यहरूलाई विश्व व्यापार प्रणालीमा उचित रूपमा आबद्ध गराउँदै उनीहरूको क्षमता विस्तार तथा बजार पहुँचको लागि विभिन्न सहुलियत तथा आर्थिक प्राविधिक सहयोग गर्नु पर्ने व्यवस्था विश्व व्यापार संगठनले गरेको छ । सम्झौता कार्यान्वयनका लागि अतिरिक्त समयको उपलब्धता, कतिपय सम्झौताहरूको पालनामा लचकता र विशेष छूट, व्यापारसम्बद्ध प्राविधिक सहायता (Trade Related Technical Assistance: TRTA), व्यापारको लागि सहयोग (Aid for Trade: AfT), Enhanced Integrated Framework : EIF), कमजोर सदस्यहरूको हितमा विश्व व्यापार संगठन अन्तर्गत गरिएका केही महत्वपूर्ण व्यवस्थाहरु हुन् । यसै सिद्धान्तबाट निर्देशित भई हालका वर्षमा कतिपय विकसित तथा विकासशील सदस्यले अल्पविकसित देशका उत्पादनलाई कर तथा कोटा मुक्त बजार पहुँच (Duty Free Quota Free Market Access: DFQF) सुविधा प्रदान गर्ने नीति अख्तियार गरेका छन् ।

परिच्छेद-२

# विश्व व्यापार संगठनका प्रमुख सम्झौताहरू

## २.१ वस्तु व्यापार सम्वन्धित सम्झौताहरु

### २.१.१ वस्तु व्यापार अन्तर्गतका सम्झौताहरु

विश्व व्यापार संगठन अन्तर्गत वस्तु व्यापारको नियमन र भन्सार महसुल तथा व्यापारसम्बन्धी सामान्य सम्झौता (General Agreement on Tariffs and Trade : GATT), १९९४ अन्तर्गत हुने गरेको छ । यद्यपि वस्तु व्यापारलाई अन्तर्राष्ट्रिय स्तरमा नियमन गर्न सन् १९४८ देखि नै ग्याट कार्यान्वयनमा रहेको थियो । वस्तु व्यापारसम्बन्धी सम्झौताहरूले वस्तु व्यापारक्षेत्रसँग सम्बन्धित विभिन्न विषयलाई समेटेका छन् । यस अन्तर्गत मुख्यतयाः भन्सार मूल्याङ्कन, कृषि, मानव, पशु र वनस्पति स्वास्थ्य, व्यापारका प्राविधिक अवरोधहरु, लत्ता कपडा तथा पोशाक, व्यापारसँग सम्बन्धित लगानी उपाय, निकासीपूर्व निरीक्षण, उत्पत्तिका नियमहरु, आयात इजाजतपत्रसम्बन्धी प्रक्रिया, सहुलियत तथा काउन्टरभेलिङ्ग उपायहरु, एन्टिडम्पिङ्ग र अन्य विभिन्न सुरक्षा उपायहरुसम्बन्धी सम्झौताहरू पर्दछन् ।

#### २.१.१.१ भन्सार मूल्याङ्कनसम्बन्धी सम्झौता
( Customs Valuation Agreement)

विश्व व्यापार संगठनका सदस्य राष्ट्रहरूले भन्सार महसुलको माध्यमबाट मात्र राष्ट्रिय उद्योगलाई संरक्षण प्रदान गर्न सक्छन् । यस सम्झौताले अन्य अनुदान, संरक्षणात्मक उपायहरु र आयातको परिमाणात्मक बन्देजलाई मान्यता दिएको छैन ।

#### २.१.१.२ कृषिसम्बन्धी सम्झौता
(Agreement on Agriculture AoA)

कृषि सम्बन्धी सम्झौताले कृषि क्षेत्रमा समसामयिक सुधार गरी स्वच्छ कृषि व्यापारलाई बढावा दिने कुरामा जोड दिएको छ । यो सम्झौताले कृषिजन्य व्यापारिक वस्तुको भन्सार महसुल निर्धारण र कृषिमा प्रदान गरिने अनुदान एवं सहुलियतलाई नियमसम्मत रुपमा मात्र प्रदान गर्न सकिने शर्त एवं सीमाहरुको निर्धारण गरेको छ । यसर्थ, यो सम्झौताले कृषिजन्य सबै उत्पादनहरुको भन्सार निर्धारण गर्नु पर्ने बाध्यात्मक प्राबधान राखिएको छ । तर कृषि वस्तु विकासको लागि अनुदान दिन सकिने सरकारको अधिकार भने कायमै राखेको छ । तसर्थ नेपालजस्तो कम विकसित मलुकहरूलाई यस सम्झौताका कतिपय प्रावधानहरु अवलम्बन गर्नु आवश्यक पर्दैन । कृषि सम्बन्धी सम्झौताले कृषिमा प्रयोग हुने

अनुदानलाई सरकारले जुन सुकै बखत पनि प्रदान गर्न सकिने, आवश्यकता अनुसार प्रदान गर्न सकिने र प्रदान गरेको अवस्थामा अन्य मलुकले कारवाही गर्न सक्ने गरी विभिन्न प्रकारमा वर्गीकरण गरी कृषि अनुदानलाई सन्तुलित रूपले प्रयोग गर्न सदस्य मुलुकहरूलाई निर्देशित गरेको छ ।

**कृषि सम्झौता (AoA)**

- **कृषि क्षेत्रमा अनुदान घटाउने**
- **बजार पहुँच बढाउने**
- **निर्यातमा दिने अनुदान घटाउने**
- **कृषिजन्य वस्तुको शुद्धता कायम राख्ने**

## २.१.१.३ मानव, पशुपंक्षि र वनस्पति स्वास्थ्य उपायहरुसम्बन्धी सम्झौता

(Agreement on Sanitary and Phytosanitary Measures)

विश्व व्यापार संगठनका सवै सदस्य राष्ट्रहरूले मुलुकभित्र आयात/निर्यात हुने वस्तुहरूबाट मानव, पशु पंक्षि र वनस्पतिको स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्ने देखिएमा त्यस्तो कुनै पनि वस्तुको आयात वा निर्यातमा नियन्त्रण गर्न सक्ने अधिकार यो सम्झौताले दिएको छ । यो सम्झौता बमोजिम निम्न आयातको अवस्थालाई मानव, पशु पंक्षि र वनस्पति स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्ने आयात भनी उल्लेख गरिएको छ ।

**मानव, पशुपंक्षि र वनस्पति स्वास्थ्य सम्झौता (ASPM)**

- **कुनै पनि वस्तुको आयातबाट बिषादी उत्पन्न भएमा वा कुनै रोग फैलने खतरा भएमा ।**
- **कुनै खाद्यवस्तुमा विषादी भई यसबाट संक्रमण हुने खतरा भएमा ।**
- **कुनै जनावर, बिरुवा र त्यसबाट बनेका वस्तुको आयातबाट रोगहरु फैलनसक्ने खतरा भएमा ।**

यस सम्झौताका प्रावधान अनुसार सामान्यतया अन्तर्राष्ट्रिय प्रचलनमा रहेका

मापदण्डका नियमहरूलाई नै वस्तुहरूको गुणस्तर निर्धारण गर्ने कार्यमा प्रयोग गरिनुपर्ने हुन्छ । यो विषयलाई व्यापारका लागि प्राविधिक अवरोधसम्बन्धी सम्भौताले पनि स्वीकार गरेको छ । यसरी हेर्दा एस. पि. एस. / टि. बि. टि. सम्भौताका बीचमा केही हदसम्म समानता देखिन्छ, किनकि दुवै सम्भौताले नियमहरूको र बस्तुको गुणस्तर (Standard) को मापदण्डमा यथाशक्य एकरूपता कायम हुनुपर्ने विषयमा जोड दिएका छन् । यति हुँदाहुदै पनि SPS / TBT बीच निम्न विषयहरूमा स्पष्ट रूपमा फरक पाइन्छ ।

- TBT अनुसार Product Standard MFN आधारमा तय हुने गर्दछ तर SPS मा यसलाई विभेदीकरण गर्न सकिन्छ ।
- SPS सम्भौताले सदस्य राष्ट्रलाई अन्तर्राष्ट्रिय स्तरभन्दा फरक गरेर समेत मापदण्ड निर्धारण गर्नसक्ने छूट दिन्छ ।
- SPS सम्भौताले सदस्य राष्ट्रहरूलाई क्रमिक रूपमा वा अन्तरिम रूपमा SPS उपाय अवलम्बन गर्ने सुविधा प्रदान गर्दछ ।

## २.१.१.४ लत्ताकपडा र वस्त्रसम्बन्धी सम्झौता

(Agreement on Textiles and Clothing: ATC)

उरूग्वे चरणको वार्तामा लत्ताकपडा र वस्त्र सम्बन्धी सम्भौता(Agreement on Textile and Clothing : ATC) लाई विश्व व्यापार संगठनको वस्तु व्यापार सम्बन्धी सम्भौता (GATT) अन्तर्गत समेटीयो र सन् १९९५ देखि यो सम्भौता वस्तु व्यापार अन्तर्गतको एक अभिन्न अङ्गको रूपमा रहेको छ । यो सम्भौताको मुख्य उद्देश्य लत्ताकपडा र वस्त्रको स्वच्छ अन्तर्राष्ट्रिय व्यापार अभिवृद्धि गरी लत्ताकपडा र वस्त्रमा लगाईएका गैर भन्सार अवरोध अन्त्य गरी बजार पहुँचमा सुधार गर्नु र लत्ताकपडा र वस्त्रको व्यापारलाई विस्तारित गराउनु हो । यो सम्भौता अनुसार कुनै पनि मुलुकले लत्ताकपडा तथा वस्त्रको व्यापारमा कोटा (Quota) निश्चित गर्ने कार्य गर्न पाउँदैनन् । यदि यस्तो कोटा निर्धारण गरेको भए सो अवस्थालाई संगठनको सुरक्षासम्बन्धी सम्भौता (Safeguard Agreement) ले पुष्ट्याइँ गर्नुपर्दछ । अन्तर्राष्ट्रिय व्यापारको क्षेत्रमा प्रतिस्पर्धी वातावरण सृजना गर्ने क्रममा नियन्त्रित र कोटा प्रणाली बाधक भएको हुनाले यसबाट लत्ताकपडा र वस्त्रको व्यापारलाई मुक्त राख्दै स्वच्छ र प्रतिस्पर्धात्मक किसिमले व्यापार सञ्चालनको अवस्था सिर्जना गर्ने मुख्य उद्देश्यले ATC सम्भौता कार्यान्वयनमा आएको हो ।

### २.१.१.५ व्यापारका प्राविधिक अवरोधहरुसम्बन्धी सम्झौता
(Agreement on Technical Barriers to Trade : TBT)

उत्पादन प्रविधिको विविधताका कारणले फरक-फरक प्रकृति र गुणका वस्तुहरु अन्तर्राष्ट्रिय बजारमा उपलब्ध हुने भएकाले आफ्नो मुलुकको आवश्यकता अनुसार वस्तु आयातमा न्यूनतम गुणस्तर (Standard) निर्धारण गर्न सक्ने वा कुनै किसिमको छूट दिन सक्ने अधिकार यस सम्झौताले सम्बन्धित सदस्य राष्ट्रलाई नै दिएको छ ।

**व्यापारमा प्राविधिक अवरोधहरू (TBT)**

मानिसको स्वास्थ्यमा असर नपरे पनि निम्न अन्य गुणस्तरको कारणले आयातरनिर्यातमा प्रतिवद्ध नगराउन सकिन्छ । यस्ता प्राविधिक पक्षहरू निम्न छन् ।

- वस्तुको गुणस्तर
- नाप, तौल र रंग
- प्याकिंग
- लेबल लगाउने
- उत्पादन मिति
- उपभोग गरि सक्नुपर्ने मिति
- उत्पादन गरेको तरिका
- उत्पादनले वातावरणमा परेको प्रभाव

तसर्थ आफ्नो अनुकूलको नीति नियम जारी गरी देशभित्र आयात गरिने वस्तुहरूको गुणस्तरको मापदण्ड निर्धारण गर्न सकिन्छ र यस्ता प्राविधिक विनियमहरु सबै सदस्य राष्ट्रहरूका लागि बाध्यकारी रूपमा लागू हुन्छन् । तर यस्ता विनियमहरु वैज्ञानिक तथ्यको आधारमा निर्धारण गर्नुपर्ने हुन्छ र यी निर्धारित विनियमहरूले अति सौविध्य राष्ट्रहरु सरहको सुविधा (Most Favoured Nation) र राष्ट्रिय व्यवहारको सिद्धान्तहरु (National Treatment) अवलम्बन गर्नुपर्ने हुन्छ । यस सम्झौता अनुसार वस्तुको मापदण्ड-स्तर (Standard) सदस्य राष्ट्रले ऐच्छिक (Voluntary) रूपमा निर्धारण गर्न सक्ने अधिकार भए तापनि वस्तुको विशेषता, उत्पादन प्रकृया, प्रकृति सङ्केत र प्याकेजिङ्गलगायतका विषय स्पष्ट र पारदर्शी अनिवार्य रूपमा हुनुपर्ने छ।

### २.१.१.६ व्यापारसम्बद्ध लगानी उपायहरुसम्बन्धी सम्झौता
(Agreement on Trade Related Investment Measures : TRIMS)

सरकारद्वारा लगानी प्रवर्द्धन कार्यको लागि लागू गरिने शर्त वा उपायहरूलाई व्यापारसँग सम्बद्ध लगानी उपाय भन्ने गरिन्छ । यी उपायहरु कर छूटको माध्यमबाट वा

भौतिक सम्पत्ति र अन्य सेवा सुविधाहरु प्रदान गर्ने जस्ता कार्यहरु मार्फत कार्यान्वयनमा आउँछन् । यस सम्झौताअनुसार कुनै पनि सरकारले राष्ट्रिय प्राथमिकताका आधारमा लगानी वृद्धिका निम्ति विभिन्न शर्तहरु तोक्ने वा लागू गर्ने कार्य गर्न सक्दछ । उदारणार्थ, उत्पादनमा स्थानीय साधनको अनिवार्य प्रयोग, उत्पादित वस्तुको निर्यात गर्नुपर्ने बाध्यात्मक व्यवस्था आदि जस्ता शर्तहरूलाई व्यापारसँग सम्बद्ध लगानीका उपायहरू हुन । यी उपायहरू राष्ट्रिय व्यवहार (National Treatment) को सिद्धान्तको आधारमा हुनु पर्ने छ तर कुनै पनि उत्पादक वा लगानीकर्तालाई स्थानीय सामानको खरिद गर्नुपर्ने बाध्यता, उत्पादनमा आयातित सामान प्रयोगको सीमितता, र विदेशी विनिमयको पहुँचमा सीमितता आदि जस्ता कार्यलाई चाहिँ यस सम्झौताले निरूत्साहित गरेको छ ।

### २.१.१.७ उत्पत्तिको नियमहरुसम्बन्धी सम्झौता
(Agreement on Rules of Origin : RoO)

प्रत्येक सदस्य राष्ट्रहरूले पारदर्शी र स्पष्ट उत्पत्तिका नियमहरु अवलम्बन गर्दै अन्तर्राष्ट्रिय व्यापार सञ्चालन गर्नुपर्दछ । यसका साथै उत्पत्तिका नियमहरूको निर्माण र कार्यान्वयनका क्रममा सदस्य राष्ट्रहरूले एक आपसमा सामनजस्य (Harmonization) र निष्पक्षता (Impartiality) कायम गर्नु पर्दछ। यस सम्झौताले उत्पत्तिको नियम कार्यान्वयनका लागि अपनाउनुपर्ने प्रक्रिया, उत्पत्तिको नियमहरु सूचीकृत गर्ने तरिका, पुनरावलोकन गर्नुपर्ने व्यवस्था, उत्पत्तिका नियमहरूमा एकरूपता कायम गर्दा अपनाउनुपर्ने तरिकाहरु आदिको बारेमा पनि व्याख्या गरेको पाइन्छ । यस सम्झौताले सदस्य राष्ट्रले लागू गरेका उत्पत्तिका नियमहरु सम्बन्धमा विश्व व्यापार संगठनको वस्तु व्यापार परिषद अन्तर्गतको सम्बन्धित समितिलाई सूचित गर्नुपर्ने व्यवस्था समेत गरेको छ ।

### २.१.१.८ आयात इजाजत-पत्र जारी गर्ने प्रक्रियासम्बन्धी सम्झौता (Agreement on Import Licensing Procedures)

यो सम्झौताले आयात इजाजत-पत्र जारी गर्दा कुनै पनि सदस्य राष्ट्रले सरलता, पारदर्शिता र छिटो छरितोपनामा ध्यान केन्द्रित गनुपर्ने कुरामा जोड दिन्छ । यस सम्झौताले आयात इजाजत-पत्रलाई स्वतः जारी हुने आयात इजाजत-पत्र र केही

प्रक्रिया पुऱ्याएर जारी गर्ने आयात इजाजत-पत्रको रूपमा वर्गीकरण गरी आयात इजाजत-पत्र जारी गर्ने समय-सीमा समेत निर्धारण गरि इजाजत-पत्र जारी गर्नुपर्ने समयावधिको निश्चितता प्रदान गरेको छ । यसर्थ सम्झौताले सदस्यहरूलाई आयात इजाजत-पत्र जारी गर्ने प्रक्रिया पारदर्शी, सरल र कम खर्चिलो बनाउने उपायहरूको अवलम्बन गर्न प्रोत्साहित गर्दै स–साना त्रुटिका कारण इजाजत पत्र रद्द हुने प्रवृत्तिको अन्त्य गर्न समेत मद्दत गर्दछ ।

## २.१.१.९ सहुलियत र समकारक उपायहरुसम्बन्धी सम्झौता (Agreement on Subsidies and Countervailing Measures : SCM)

विश्व व्यापार संगठनको सदस्य राष्ट्रको सरकारले आफ्ना नीतिगत आवश्यकता पुरा गर्न,देशभित्र उद्योगधन्दाको स्थापना र विकास गर्न तथा लगानीलाई आकर्षण गर्न एवं दुर्गम स्थानहरूमा उद्योग व्यवसायको विस्तार गर्नकोलागि अनुदान दिनुपर्ने स्थिति उत्पन्न हुनसक्छ । तर यस्तो अनुदानबाट उत्पादित वस्तुले समग्र बजारमा विचलन (Distortion) ल्याउने र आयातित मुलुकका उद्योग धन्दाहरूमा गम्भीर हानि-नोक्सानी पुऱ्याउने कार्य गरेमा आयातकर्ता मुलुकले त्यसलाई नियन्त्रण गर्न आवश्यक उपायहरु अवलम्बन गर्नसक्ने व्यवस्था विश्व व्यापार सङ्गठनको सम्झौताहरूले गरेका छन् । यसलाई सहुलियत तथा समकारक उपायहरु सम्बन्धी सम्झौताको रूपमा चिनिन्छ । तसर्थ यस किसिमको अनुदान वा सहुलियत अन्तर्राष्ट्रिय व्यापारको विस्तारको लागि प्रत्युत्पादक हुन जाने संभावना भएकोले यसलाई व्यवस्थित रूपमा कार्यान्वयन गर्न विश्व व्यापार संगठनको सहुलियत र समकारक उपाय सम्बन्धि सम्झौताले अनुदान/सहुलियतको सीमा र कार्यविधि समेत निर्धारण गरेको छ । काउन्टरभेलिङ्ग उपाय अपनाउँदा अनुमानित आर्थिक सहयोग वा अनुदान बापत प्रदत्त सहायता राशिभन्दा बढी हुने गरी काउन्टरभेलिङ्ग महसुल लगाउन पाइँदैन । यो सम्झौताले अनुदान/सहुलियत प्रदान गरी सस्तो मालवस्तु अन्य बजारमा निर्यात गर्दा आयातकर्ता मुलुकको उद्योगधन्दामा गम्भीर हानि-नोक्सानी भएको अवस्था ठहर भएमा आयातकर्ता मुलुकले अनुदान/सहुलियत बराबरको रकम निर्यातकर्ता मुलुकबाट थप अतिरिक्त भन्सार महसुलका रूपमा असुल-उपर गर्न पाउने लगायतका अन्य कार्यवाही ( Penalty) समेत गर्न सक्ने व्यवस्थालाई समेटेको छ ।

### २.१.१.१० एण्टी–डम्पिङसम्बन्धी सम्झौता
(Agreement on Anti-Dumping)

यस सम्झौताअनुसार लागत मूल्यभन्दा कम मूल्यमा आफ्नो मुलुकमा आयात भएको वस्तुको कारणले स्वदेशी मुलुकको समान प्रकृतिका वस्तु उत्पादन गर्ने उद्योग धन्दामा गम्भीर हानि-नोक्सानी वा खतरा उत्पन्न भएमा वा हुनसक्ने सम्भावित खतरा देखिएमा एण्टी-डम्पिङ प्रकृयाको माध्यमबाट त्यस्तो आयातलाई निरूत्साहित गर्दै स्वदेशी उद्योगलाई पुगेको क्षति रोक्न सकिन्छ । यस सम्झौताअनुसार कुनै पनि वस्तुको मूल्य निर्यातकर्ता मुलुकको बजार मूल्यभन्दा कम भएमा यस्तो अवस्थाको वस्तुलाई डम्पिङ भएको अवस्था मान्न सकिन्छ । तसर्थ, यस सम्झौता बमोजिम सामान्यतया वस्तु डम्प भएको हो वा होइन भन्ने यकीन गर्ने क्रममा त्यो वस्तुको तुलनात्मक मूल्याङ्कनलाई नै मुख्य आधार मानिन्छ । एण्टी-डम्पिङ महसुल लगाउँदा Margin of Dumping बराबर हुन आउने रकमभन्दा बढी हुने गरी लगाउन पाइँदैन । सामान्यतः यो एण्टी-डम्पिङ महसुल पाँच वर्षसम्मको लागि मात्र लगाउन सकिने व्यवस्था गरीएको छ ।

### २.१.१.११ सुरक्षा उपायहरुसम्बन्धी सम्झौता
(Agreement on Safeguards)

विश्व व्यापार संगठनको सुरक्षा उपायहरूसम्बन्धी सम्झौताको मुख्य उद्देश्य अन्तर ार्ष्ट्रिय बजारमा सदस्य राष्ट्रहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु हो । यस सम्झौताअनुसार कुनै निश्चित समयावधिभित्र अनपेक्षित र अस्वाभाविक रूपमा ठूलो परिणाममा वस्तु आयात भई त्यस्तो अस्वाभाविक आयातबाट कुनै पनि मुलुकको व्यापारको क्षेत्रमा प्रतिस्पर्धात्मक क्षमतामा ह्रास आउने अवस्था सृजना भएमा त्यस्तो ह्रास आउन नदिन वा हानि नोक्सानी हुन नदिन सदस्य राष्ट्रले व्यापार सुरक्षासम्बन्धी उपायहरु अपनाउन सक्दछ । तर यस किसिमको संरक्षण उपाय अल्पकालीन अवधिका लागि मात्र लगाउन पाइने व्यवस्था सुरक्षा उपायहरूसम्बन्धी सम्झौताले गरेको छ । यो सम्झौताले संरक्षण उपायहरु अपनाउन सकिने अवस्था, अवधि, अनुसन्धानको प्रक्रिया र अवलम्बन गर्न सकिने उपायहरूको समेत व्यवस्था गरेको छ ।

### २.१.१.१३ निकासीपूर्व निरीक्षणसम्बन्धी सम्झौता
(Agreement on Pre-shipment Inspection)

यो सम्झौताले भन्सार मूल्याङ्कनमा देखापर्ने अधिक बिजकीकरण र न्यूनबिजकीकरणको समस्यालाई सुधार गर्न मद्दत गर्दछ । यो सम्झौताको कार्यान्वयनका क्रममा आयात भएको वस्तुको गुण, मूल्यका बारेमा आधिकारिकता प्रमाणित गर्न कुनै तेस्रो पक्ष वा निकायको सहयोग लिइन्छ । तर यस प्रकृया बाट प्राप्त मूल्य प्रमाणलाई भन्सार अधिकृतले मान्यता दिनुपर्ने बाध्यता भने छैन । भन्सार अधिकारीले उक्त प्रमाणित मूल्यलाई आधार मूल्यको रुपमा लिन सक्दछ । तर शङ्का लागेमा भन्सार अधिकृतले भन्सार मूल्याङ्कनको लागि तोकिएका आधारहरु प्रयोग गरी पुनःमूल्याङ्कन प्रक्रिया अगाडि बढाउन सक्दछ । नेपालले तत्काल यो सम्झौताको अवलम्बन गर्ने सम्बन्धमा कुनै प्रतिबद्धता जनाएको छैन । तर भविष्यमा यस किसिमको पूर्व निरीक्षणको व्यवस्था थालनी गरिएमा यो सम्झौतामा उल्लेख भएका शर्तहरु अनुरुप नै कार्य गर्नुपर्ने बाध्यता भने रहेको छ ।

## २.२ सेवा व्यापारसम्बन्धी सम्झौता
(General Agreement on Trade in Services : GATS, 1994)

अन्तर्राष्ट्रिय रूपमा आम्दानी तथा रोजगारी सृजनाको दृष्टिले सेवा व्यापार महत्वपूर्ण क्षेत्र बन्दै गएकोले सेवा व्यापारलाई नियमित र व्यवस्थित गर्न कानूनी आधार तथा संयन्त्रको आवस्यकता महसुस गरी सेवा व्यापारसम्बन्धी सम्झौता (GATS) उरूग्वे चरणको वार्ता पछि कार्यान्वयनमा आएको हो । सेवा व्यापारको क्षेत्रलाई क्रमशः उदारीकरण (Progressive Liberalization) गर्दै जाने सन्दर्भमा उरूग्वे चरणको वार्तामा सहमति हुन बाँकी केही विषयहरूलाई अभिन्न एजेण्डाको रुपमा पछिल्ला चरणका वार्तामा समावेश गर्ने समझदारी अनुसार हाल दोहा विकास एजेन्डा अन्तर्गत सेवा व्यापार विषय पनि समावेश भई छलफलको क्रममा समेत रहेको छन् ।

विश्व व्यापार संगठनको सेवा व्यापारसम्बन्धी सम्झौताले सेवा व्यापारलाई निश्चित रुपमा परिभाषित नगरे पनि सामान्यतः छुन नसकिने (Intangible), अदृश्य (Invisible) र सञ्चय गर्न नसकिने (Non-Storable) सबै प्रकारको व्यापारिक र उपभोग्य सेवालाई सेवा व्यापारको रुपमा बुझ्ने गरिएको छ । 'सेवा' भन्नाले सेवाको उत्पादन, वितरण, प्रचारप्रसार, बिक्री र हस्तान्तरण सम्मका सबै कारोबारलाई जनाउँदछ । तर यसअन्तर्गत दुई किसिमका सेवाहरुचाहीँ समेटिंदैनन् तिनमा पहिलो हो सरकार र सावर्जनिक निकायको अख्तियारी भित्र रही प्रवाह

गरिने सेवाहरु जो व्यापारिक रुपमा तथा अरु सेवा प्रदायकहरु सित प्रतिस्पर्धा गर्ने हिसाबले प्रवाह गरिँदैनन् जस्तै विद्युत् आपूर्ति, खानेपानी वितरण सेवा आदि । दोस्रो हो- एयर ट्राफिक अधिकार र यससम्बन्धी सेवाहरु । सेवा व्यापारको लागि सदस्य राष्ट्रहरूले अति सौविध्य मुलुकको व्यवहारसम्बन्धी सुविधा (MFN),नीति नियमहरुको पारदर्शिता वा नियन्त्रण, भेदभाव रहित व्यवहारको सिद्धान्त आदि विषयमा प्रतिबद्धता तालिका (Schedule वा Commitment) मार्फत आफ्नो प्रतिबद्धता जाहेर गर्नुपर्ने व्यवस्था छ । सेवा व्यापार सम्झौताले समेटेका मुख्य सेवा क्षेत्रहरुः  पेशागत व्यावसायिक सेवा, सञ्चार,  निर्माण तथा निर्माणसम्बन्धी इन्जिनियरिङ्ग सेवा, वितरण सेवा, शैक्षिक सेवा, वातावरणसम्बन्धी सेवा, वित्तीय सेवा (बीमा र बैङ्किङ्ग), स्वास्थ्यसम्बन्धी र सामाजिक सेवा, पर्यटन र भ्रमणसम्बन्धी सेवा मनोरञ्जनात्मक, सांस्कृतिक र खेलकूदसम्बन्धी सेवा र परिवहन/यातायात सेवा आदि रहेका छन् ।

## २.३ व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी सम्झौता (-TRIPS)

उरुग्वे चरणको वार्ताले बौद्धिक सम्पत्तिको अधिकार (Agreement on Trade Related Aspects of Intellectual Property Rights: TRIPS) को क्षेत्रलाई बहुपक्षीय व्यापार प्रणाली अन्तर्गत समेट्ने निर्णय गरेको थियो । यस अन्तर्गत प्रतिलिपि र औद्योगिक सम्पत्ति सम्बन्धि अधिकार गरी मुख्यतः दुईवटा क्षेत्र छन् । यिनमा प्रतिलिपि अधिकार- साहित्यिक, वैज्ञानिक र कलात्मक कृतिहरुलाई संरक्षण प्रदान गर्ने कुरासित सम्बन्धित छ । औद्योगिक सम्पत्तिसम्बन्धी अधिकार, औद्योगिक आविष्कार हरुको संरक्षण र प्रवर्द्धन गर्ने कुरासित सम्बन्धित छ । यस अन्तर्गत खासगरी पेटेन्ट, औद्योगिक डिजाइन, ट्रेडमार्क, व्यापारको गोप्यता, एकीकृत सर्किटको नमूनाजस्ता विधा समेटिएका छन् । अहिले जैविक स्रोत (Genetic Resourcs) तथा परम्परागत ज्ञान (Traditional Knowledge) लाई समेत बौद्धिक सम्पत्तिको दायराभित्र समेट्ने प्रयास भइरहेको छ । बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी सम्झौता कार्यान्वयनमा आउनु पछाडिको मुख्य उद्देश्य भनेको नयाँ-नयाँ आविष्कार र सिर्जनालाई प्रोत्साहित गर्दै सर्जकको आविष्कारलाई निश्चित अवधिसम्म सुरक्षा र संरक्षण प्रदान गर्नु हो । सदस्य राष्ट्रहरुले यो सम्झौता लागू गर्दा वा बौद्धिक सम्पत्तिसम्बन्धी नियम कानून निर्माण गर्दा राष्ट्रिय व्यवहार (National Treatment) र अति सौविध्य प्राप्त मुलुक सरहको सुविधा (Most Favoured Nation Treatment) को सिद्धान्त अवलम्बन गर्नुपर्ने व्यवस्थालाई समेटेको छ । यसरी बौद्धिक सम्पत्तिको न्यूनतम संरक्षण, समयावधि, कम विकसित राष्ट्रहरुका लागि संक्रमण काल (Transitional Period) र अस्वस्थ प्रतिस्पर्धात्मक वातावरणको अन्त्य गर्ने सम्बन्धमा विभिन्न महत्वपूर्ण प्रावधानहरुको व्यवस्था गरेको छ ।

परिच्छेद-३

# WTO र नेपाल

## ३.१ ज्याटको सदस्यताकोलागि पहल

नेपालमा सन् १९८० को दशक देखि आर्थिक सुधारका विभिन्न कार्यक्रमहरु क्रमशः कार्यान्वयनमा ल्याइए र आर्थिक उदारीकरणको पहलद्वारा नेपालको अर्थतन्त्रलाई विश्व अर्थतन्त्रसँग आबद्ध गर्ने कार्य अगाडि बढाईयो । सन् १९९५ मा विश्व व्यापार संगठन (WTO) स्थापना भई सञ्चालनमा आएपछि नेपालले पुनः ५ डिसेम्बर, १९९५ मा सङ्गठनको सदस्यताका लागि विधिवत् आवेदन गऱ्यो र आवेदन पश्चात् नेपाललाई पर्यवेक्षकको हैसियत प्राप्त भयो । यसरी सेप्टम्बर, २००३ मा नेपाललाई विश्व व्यापार संगठनको सदस्यता प्रदान गर्ने निर्णय भयो ।

यसरी २३ अप्रिल, २००४ (२०६१ वैशाख ११) मा नेपाल १४७ औं सदस्यको रुपमा विश्व व्यापार संगठनमा विधिवत् आबद्ध हुँदै अल्प विकसित राष्ट्रको हैसियतमा संगठनमा प्रवेश गर्ने पहिलो राष्ट्र बन्न पुग्यो ।

विश्व व्यापार संगठनमा प्रवेश गर्ने क्रममा नेपालले कृषि तथा गैर कृषि क्षेत्रमा आफ्ना वस्तु व्यापार अति कम विकसित राष्ट्रको नाताले विभिन्न छूट तथा सहुलियतहरु निश्चित समयका लागि उपभोग गर्न पाउनुपर्ने कुरामा सदस्य राष्ट्रहरुलाई जानकारी गराउन सफल भएको छ।

## ३.२ विश्व व्यापार संगठनको सदस्यताबाट नेपाललाई प्राप्त हुनसक्ने सुविधा, फाइदा तथा अवसरहरु

विश्व व्यापार संगठनको सदस्यताबाट नेपाललाई वैदेशिक व्यापारका क्षेत्रमा विभिन्न लाभ पुग्ने तथा नेपालको निर्यात व्यापारलाई प्रवर्द्धन गर्न विभिन्न अवसरहरु उपलब्ध हुनसक्ने आँकलन गरिएको थियो । तीमध्ये सम्भावित केही लाभ तथा अवसरहरुलाई यस प्रकार उल्लेख गर्न सकिन्छ ।

- सदस्य राष्ट्रहरुको व्यापार उदारीकरणको प्रभावबाट बजार पहुँचमा वृद्धि भई नेपालको निर्यात व्यापार विस्तारको अवसरहरु वृद्धि हुने र सीमित देश र सीमित वस्तुमा केन्द्रित नेपालको वैदेशिक व्यापारलाई अन्तर्राष्ट्रियस्तरमा विस्तार र प्रवर्द्धन गर्न सहयोग पुग्ने ।
- नेपाली अर्थतन्त्रलाई अन्तर्राष्ट्रिय आर्थिक प्रणालीसँग आबद्ध गराउने अवसर प्राप्त भई अन्तर्राष्ट्रिय प्रतिस्पर्धाको वातावरणले तुलनात्मक लाभका क्षेत्रहरु

पहिचान भई नेपालको आर्थिक क्रियाकलापमा गतिशीलता आउने र वैदेशिक लगानी तथा प्रविधि भित्रिन मद्दत पुगी औद्योगिक उत्पादनको वृद्धिमार्फत निकासी प्रवर्द्धन रोजगारी एवं आर्थिक वृद्धिमा सहयोग पुग्ने । स्वदेशी उद्योगलाई हानि-नोक्सानी पुऱ्याउने गरी कम मूल्यमा विदेशबाट नेपालमा निर्यात गरिएका वस्तुलाई एन्टी-डम्पिङ, काउन्टरभेलिङ लगायतका विभिन्न उपायहरु अङ्गीकार गरी निरूत्साहित गर्न सकिने ।

- वस्तु तथा सेवा व्यापारअन्तर्गत तुलनात्मक लाभका क्षेत्रहरु पहिचान भई तिनको प्रवर्द्धन गर्न सहयोग पुग्ने । साथै, हाल सुषुप्त अवस्थामा रहेको व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिहरुको पहिचान र प्रवर्द्धन भई आर्थिक लाभ लिन सघाउ पुग्ने ।

- अति कम विकसित मुलुकहरुका लागि प्राप्त हुनसक्ने आर्थिक, प्राविधिक सहयोग र विशेष तथा पृथक् व्यवहार (Special & Differential Treatment) सुविधाले नेपालको व्यापार क्षमता बढाउन र आपूर्तिजन्य कठिनाइसित जुध्न सहयोग पुग्ने ।

- अन्तर्राष्ट्रिय बजारमा निर्यात हुने वस्तुको गुणस्तर तथा मापदण्ड सुधार र स्तरोन्नति गर्न सहयोग पुग्ने र मानव, प्राणी तथा वनस्पति स्वास्थ्यमा क्षति पुऱ्याउनसक्ने वस्तुको आयातमा तोकिएका सुरक्षा उपायहरु अवलम्बन गरी तिनको दुष्प्रभावबाट बच्न सघाउ पुग्ने ।

- विभिन्न क्षेत्रमा अन्तर्राष्ट्रिय प्रविधिको हस्तान्तरणले देशको प्राविधिक तथा औद्योगिक विकासमा टेवा पुग्ने । साथै, कृषि क्षेत्रको व्यवसायीकरण र आधुनिकीकरणमा बल पुग्ने ।

- पारवहन सुविधालाई निर्बाध रुपमा उपयोग गर्न सहयोग पुग्ने ।

## ३.३ विश्व व्यापार संगठनको सदस्यताबाट सिर्जित चुनौतीहरु

- सानो परिमाणको पूँजी लगानी गर्नसक्ने निजी क्षेत्र, कमसल प्रविधि, र सीमित तुलनात्मक लाभका उत्पादनका साथै बजारको विविधतासमेत न्यून भएको

नेपालजस्ता मुलुकले विश्वव्यापी खुला बजारको कारण बाह्य सामानहरूको उच्च आयातको समस्या झेल्नुपर्ने र बहुराष्ट्रिय कम्पनीहरूको बढ्दो उपस्थितिबाट साना पूँजी र प्रविधिमा स्थापित स्वदेशी उद्योगहरूमा नकारात्मक असर व्यहोर्नुपर्ने हुनसक्छ । अतः अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्नसक्ने गरी निजी क्षेत्रको क्षमता विकासमार्फत स्वदेशी व्यवसायीहरूको दक्षता र उत्पादकत्वमा वृद्धि गरी मूल्य र गुणस्तरको हिसाबले प्रतिस्पर्धी बनाउने कार्य जरूरी छ ।

- विश्व व्यापार संगठनमा सम्मिलन हुने क्रममा नेपालले सुधार गर्ने प्रतिबद्धता व्यक्त गरेका विभिन्न नीति, कानून तथा प्रक्रियाहरूलाई निश्चित समयसीमाभित्र पूरा गर्नुपर्ने दायित्व छ । तर यो कार्य नेपालजस्तो आर्थिक-राजनीतिक संक्रमणबाट गुज्रिरहेको मुलुकका निम्ति आर्थिक, प्रशासनिक र प्राविधिक दृष्टिले समेत थप चुनौतीपूर्ण देखिएको छ ।

- आन्तरिक उद्योगधन्दा र आर्थिक क्रियाकलापमा उल्लेख्य वृद्धि हुन नसकेको नेपालजस्तो मुलुकको राजस्वको ठूलो स्रोत पैठारी हुने सामानमा लगाइने भन्सार महसुल हो । विश्व व्यापार संगठनमा प्रवेश गरेपछि पैठारी हुने सामानको भन्सार महसुल क्रमशः कम गर्दै लैजानुपर्ने, अन्य महसुल तथा शुल्क पनि निश्चित समयसीमाभित्र खारेज गर्नुपर्ने र निश्चित सीमाभन्दा माथि गएर भन्सार महसुल तोक्न नपाइने पृष्ठभूमिमा राजस्वको स्रोत घट्न नदिन वैकल्पिक उपायहरूको अवलम्बन र प्रभावकारी कार्यान्वयन गर्ने कार्य चुनौतीपूर्ण छ।

- छिमेकी देश तथा अन्य देशहरूसित हुने द्विपक्षीय व्यापार सन्धिहरूबाट प्राप्त हुनसक्ने सौविध्यपूर्ण व्यापारका अवसरहरूमा संकुचन आउनसक्ने र कतिपय अवस्थामा पाइरहेको वा उपभोग गरिरहेको सुविधा र सहुलियत (Margin of Preference) समेत घट्नसक्ने हुँदा यसबाट निर्यातमा कमी आउनसक्ने देखिन्छ । यस्तो अवस्थामा निर्यातमा कमी आउन नदिन आवश्यक उपायहरूको अवलम्बन गर्नु पर्ने हुन्छ ।

- विश्व व्यापार संगठनका सम्झौता एवं प्रतिबद्धता कार्यान्वयन गर्ने बाध्यताबाट कतिपय राष्ट्रिय नीति निर्माणमा लचकता (Flexibility) को अभाव रहनसक्छ । यस पृष्ठभूमिमा राष्ट्रिय स्वार्थ र अन्तर्राष्ट्रिय दायित्वबीच सन्तुलन मिलाएर अघि

बढ्ने कार्य चुनौतीपूर्ण छ ।

- विश्व व्यापार संगठनले अल्प विकसित तथा विकासशील सदस्यलाई विशेष तथा पृथक् व्यवहार लगायतको सुविधा एवं छूटको प्रावधान दिएको छ । यसर्थ के कस्ता विषयमा यस्ता सुविधा तथा छूट उपयोग गर्न पाइने हो त्यस सम्बन्धमा गहिरो अध्ययन विश्लेषण गरी यस्ता सुविधाहरूको अधिकतम उपयोग गर्ने वातावरण तयार गर्नु पर्ने हुन्छ ।

- विश्व व्यापार संगठनले सामान्यतः कोटा तथा परिमाणात्मक बन्देजजस्ता कुरालाई निषेध गर्दछ । यसरी साबिकमा विभिन्न मुलुकले उपलब्ध गराउँदै आएको कोटा लगायतका सहुलियतपूर्ण व्यवस्थामा कटौती हुँदा नेपालको निकासी व्यापारमा संकुचन आउनसक्छ । जस्तै कि साविकमा नेपालले अमेरिका लगायतका मुलुकमा तयारी पोशाक निर्यात गर्दा (Multi-fibre Arrangement : MFA) अन्तर्गत निश्चित कोटाको सुविधा उपयोग गरिराखेको थियो । यसरी कोटाभित्र निर्यात गर्दा नेपालको तयारी पोशाकमाथि कुनै प्रकारको भन्सार महसुल लाग्दैनथ्यो । तर जनवरी १, सन् २००५ देखि सो सुविधा हटाउनुपर्ने संगठनको प्रावधान बमोजिम हाल सो सुविधा नेपालजस्ता अल्प विकसित मुलुकका लागि उपलब्ध नहुँदा साबिकमा उच्च परिमाण र मूल्यमा निर्यात भइरहेको वस्तुमा ह्वात्तै ह्रास आएको स्थिति छ । यसले निकासी व्यापारलाई दिगो रूपमा सञ्चालन गर्न र नयाँ नयाँ वस्तुमा अध्ययन अनुसन्धान गरी प्रतिस्प्रर्धात्म क्षमता बढाउनु पर्ने छ ।

## ४. कृषि क्षेत्रमा पर्ने प्रभाव

संगठनको सदस्यतापश्चात् सदस्य राष्ट्रहरूले कृषिक्षेत्रमा प्रदान गर्दै आएको अनुदानको मात्रा घटाउनुपर्ने वा निश्चित किसिमका अनुदानहरूबाहेक अरु प्रकारका अनुदान खारेज गर्नुपर्ने व्यवस्था छ । यो व्यवस्थाबाट नेपालजस्तो सानो र कृषिमा निर्भर अर्थतन्त्र भएको मुलुकलाई नकारात्मक असर पर्न सक्ने आशङ्का उत्पन्न हुनु स्वाभाविक हो । तर विश्व व्यापार संगठनको कृषिसम्बन्धी सम्झौताले कृषि क्षेत्रको अनुसन्धान, सिञ्चाई

सुविधामा विस्तार, बीउबिजनमा सुधार, बाली संरक्षण, वातावरण सुधार, खाद्य सुरक्षा, मलखादको व्यवस्था, कृषि प्रसार सेवा आदि थुप्रै क्षेत्रमा अनुदान दिन पाइने व्यवस्थालाई हरियो बाकसभित्र वर्गीकृत गरी त्यसमा रोक लगाउन नपर्ने व्यवस्था गरेको छ । यस अतिरिक्त, नेपालजस्ता अल्प विकसित राष्ट्रलाई वार्षिक कृषि उत्पादनको कुल मूल्यको दश प्रतिशतसम्म कृषि क्षेत्रको विकासका लागि अनुदानको रूपमा खर्च गर्न पाइने र कृषि क्षेत्रमा दिन पाइने अनुदानलाई वार्षिक प्रतिव्यक्ति आय एक हजार अमेरिकी डलर नपुगेसम्म निरन्तरता दिन सकिने व्यवस्था रहेको छ । अर्को महत्वपूर्ण कुरा नेपालजस्ता अति कम विकसित मुलुकका लागि कृषि क्षेत्रमा कुनै पनि अतिरिक्त दायित्व पूरा गर्नु नपर्ने व्यवस्था छ ।

नेपालले हाल कृषि क्षेत्रमा उल्लेखनीय रूपमा कुनै अनुदानको व्यवस्था गर्न नसकेको, दिँदै आएको अनुदानलाई निरन्तरता दिन सकिने स्थिति भएको र भविष्यमा निश्चित हदसम्म अनुदानको व्यवस्था गर्न छूट पाउने सन्दर्भमा विश्व ब्यापार संगठनको सदस्यता पश्चात् कृषि क्षेत्रमा कुनै नकारात्मक प्रभाव पर्ने देखिँदैन । बरू कृषकहरूलाई मलखाद, बीउबिजन र सिंचाईमा अनुदानको व्यवस्था गरी प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्न सकिए स्वदेशी कृषिजन्य उत्पादनको निर्यातमा वृद्धि भई थप आर्थिक लाभ लिनसकिने देखिन्छ । यद्यपी निम्न समस्याहरू भने देखिन सक्छ।

## ४.१ वातावरण, मानव, पशु तथा वनस्पति स्वास्थ्यसम्बन्धमा पर्ने प्रभाव

विश्व व्यापार संगठन मूलत: खुला र अवरोधरहित विश्व व्यापारको पक्षमा काम गर्ने संस्था हो । तर यसले एकोहोरो रूपमा खुला र स्वतन्त्र व्यापारको मात्र पक्ष नलिएर मानव, पशु पंक्षि तथा वनस्पतिको स्वास्थ्यमा असर पर्ने स्थितिमा एक सदस्य राष्ट्रबाट अर्को सदस्य राष्ट्रमा वस्तु तथा सेवाको आयात निर्यातलाई रोक्न सक्ने गरी विभिन्न

- **व्यापार सम्बन्ध बौद्धिक सम्पत्तिको अधिकारका कारण आयातित उन्नत बिउ विजन, पशुनश्ल र प्रविधिको मूल्य बढ्न सक्नेछ ।**
- **वंशाणुगत सुधार गरि पेटेन्ट गर्न सकिने अधिकारका कारण हाम्रा पुर्खाले संरक्षण गरेका वंशाणुगत सम्पत्ति चोरी हुन सक्ने हुन्छ ।**
- **हाम्रो आन्तरिक कृषि उत्पादनले आयातसँग प्रतिस्पर्धा गर्नुपर्ने हुँदा हाम्रा केही उत्पादन कम प्रतिस्पर्धी हुन सक्छन् ।**

सुरक्षात्मक उपायहरु अवलम्बन गर्न सकिने सम्झौतालाई पनि समेटेको छ । व्यापारबाट वातावरणमा नकारात्मक असर पर्न नदिन र साधनस्रोतको परिचालन गर्दा दिगो र न्यायोचित रूपमा उपयोग गर्न सदस्य राष्ट्रहरूलाई जोड दिएको छ । वातावरण संरक्षणका लागि अनुदान दिनसकिने व्यवस्था पनिरहेको छ ।

नेपाल मानव, पशु पंक्षि तथा वनस्पति स्वास्थ्यसम्बन्धी (SPS) र व्यापारका प्राविधिक मापदण्ड (TBT) का क्षेत्रमा कमजोर अवस्थामा रहेको र नेपालमा अन्तर्राष्ट्रिय मान्यताप्राप्त प्रमाणीकरण निकाय (Accreditation Board) हालसम्म स्थापना हुन नसकेको सन्दर्भमा स्वदेशी उत्पादनको निर्यातलाई निर्बाध रूपमा अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गर्न यससम्बन्धी आधुनिक प्रयोगशाला र गुणस्तर प्रमाणीकरण निकायको स्थापना गर्नु अति जरूरी छ । यसको लागि छुट्टै ऐन जारी गर्नुपर्ने सन्दर्भमा सोको मस्यौदा तयार गर्ने कार्य भएको छ ।

हालका दिनमा नेपाल गुणस्तर तथा नापतौल विभाग र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको प्रयोगशालाको क्षमता अभिवृद्धि गरी अन्तर्राष्ट्रियस्तरको बनाउने प्रयास भइरहेको छ । प्लान्ट तथा पशु क्वारेन्टाइन कार्यालयहरूको क्षमता तथा प्रयोगशाला स्तरोन्नतीकरण गरिंदैछ यसको लागि युरोपियन युनियन लगायतका दातृ निकायको सहयोगमा विभिन्न कार्यहरु चलिरहेका छन् । प्रयोगशालाको स्तरोन्नतिपछि निर्यात प्रवर्द्धनमा ठोस योगदान पुग्ने अपेक्षा लिन सकिन्छ ।

## ४.२ साना राष्ट्रको विश्व अर्थतन्त्रमा सीमान्तकृत हुने चुनौती

विश्व व्यापार संगठनमा साना ठूला सबै खाले राष्ट्र सदस्य रहेका छन् । आज कुल विश्व व्यापारको ९५% प्रतिशतभन्दा बढी हिस्सा संगठन अन्तर्गतका सदस्यहरूको रहेको छ । यद्यपि संगठनमा आबद्ध सबै राष्ट्रको आर्थिक हैसियत एउटै छैन र विश्व व्यापार प्रणालीबाट सबै राष्ट्रले समान फाइदा लिन सकिरहेका छैनन् । जुन राष्ट्रको आपूर्ति क्षमता सुदृढ छ, नीतिगत स्थिरता, सुशासन र व्यापार सहयोगी पूर्वाधारसंरचनाहरूको स्तर माथि छ ती राष्ट्रले विश्व व्यापारमा बढी र कमजोर राष्ट्रले कम मात्र फाइदा उठाउन सकेका छन् । तर विश्व व्यापार संगठनमा आबद्ध भएपछि नेपालजस्ता अति कम विकसित राष्ट्र झन् सीमान्तीकृत हुँदै गएको भन्ने भनाइमा चाहिँ विश्वास गर्न सकिने ठाउँ कमै छ । किनकि संगठनमा साना ठूला

सबै राष्ट्रको एउटै कानूनी हैसियत छ र एक राष्ट्र एक मतको आधारमा निर्णय हुने परिपाटीले साना राष्ट्रको आवाजलाई पनि विश्व व्यापार मञ्चमा त्यत्तिकै महत्वका साथ प्रस्तुत गर्ने बाटो खुला छ । कुनै पनि निर्णयलाई कार्यान्वयनमा ल्याउनुपूर्व सम्पूर्ण सदस्य राष्ट्रको सहमति आवश्यक हुन्छ । यदि कुनै एउटा सदस्यले निर्णयमा विरोध गरेमा त्यो निर्णय कार्यान्वयन हुनसक्तैन । यो व्यवस्था नेपालजस्ता साना राष्ट्रको हितमा छ । संगठनले अङ्गीकार गरेको भेदभावरहित व्यवहार र पारदर्शितासम्बन्धी नीतिहरू नेपालजस्ता साना मुलुकका लागि सहयोगी साबित भएका छन् । किनकि संगठनमा आबद्ध भएपछि कुनै पनि ठूला राष्ट्रले साना राष्ट्रलाई भेदभावपूर्ण व्यवहार गर्न, व्यापारमा अनावश्यक तगारो सिर्जना गर्न पाउँदैन । एउटा मुलुकलाई दिएको सुविधा अर्को मुलुकलाई पनि विना शर्त तत्काल उपलब्ध गराउनुपर्ने व्यवस्थाले साना राष्ट्र लाभान्वित नै हुने स्थिति छ । साथै, साना राष्ट्रले ठूला राष्ट्रसँग वैदेशिक व्यापारका सम्बन्धमा कुनै खिचलो उत्पन्न भए संगठनको विवाद समाधान संयन्त्रमा उजूरी गरी विवाद सुल्टाउन सक्ने व्यवस्था छ । संगठनमा आबद्ध साना राष्ट्रहरूले छुट्टै समूह बनाई धनी राष्ट्रहरूसित थप छूट, सहुलियत र प्राविधिक सहायताको लागि दबाब पनि सिर्जना गर्नसक्छन् । संगठन अन्तर्गतका विभिन्न सम्झौता र निर्णयहरूले अति कम विकसित राष्ट्रका लागि व्यवस्था गरेको विशेष र पृथक् व्यवहारबाट नेपालजस्ता अति कम विकसित राष्ट्रलाई बढी लाभ उठाउन सक्ने अवसर उपलब्ध छन् ।

परिच्छेद-४

# गो ईन्टरनेशनल प्रोजेक्ट सम्बन्धि जानकारी

# १. समावेशी आर्थिक वृद्धी संरचना

राष्ट्रिय अर्थतन्त्रलाई अन्तर्राष्ट्रिय अर्थतन्त्रसँग आवद्ध गरी मुलुकको वस्तु तथा सेवा ब्यापारलाई प्रतिस्पर्धि बनाउँदै खुल्ला अन्तर्राष्ट्रिय व्यापार प्रणालीबाट अधिकतम आर्थिक लाभ लिने उद्देश्यले नेपाल सन् २००४ देखि विश्व व्यापार सङ्गठन (डब्ल्यूटीओ) को सदस्य रहेको छ । यद्यपि नेपालमा प्रयास गरिएका आर्थिक विकास तथा ग्रामिण विकासका कार्यक्रमहरूमा समाजिक समावेसी (Social Inclusion) न्यायोचित रूपमा भईरहेको पाइँदैन र यो आर्थिक वृद्धिको एक चुनौती पनि हो । विषेशत लिंग, जात, अपाङ्गता, गरिवी आदी कारण बाट समाजमा पछाडी पारीएका वर्ग आदिले आर्थिक विकासमा आफ्नो सहभागीता गराउन र प्रत्यक्ष आर्थिक लाभ लिनवाट बञ्चित भएका छन्। तसर्थ, समावेशी आर्थिक वृद्धि संरचना (Framework) अनुसार




चित्र १ : समावेशी आर्थिक वृद्धिको संरचना

आर्थिक अवसरलाई मुख्य केन्द्रबिन्दुमा राखिएको छ, जसमा वस्तुको मूल्य शृङ्खला विकास पर्दछ । यसलाई समावेशी प्रतिस्पर्धी र उपयोगी बनाउन मुख्यतया चारओटा तत्वले सघाएको हुन्छ : (१) निती (२) पूर्वाधार (३) बन्दोवस्तीको सुविधा (Logistic Support) र (४) स्तरोन्नतीकरण (Standardization)

## क) **Connectivity** (सम्पर्क/समन्वय)

समाबेशी आर्थिक वृद्धिको उद्देश्य हासील गर्न समाजमा विद्यमान वञ्चित समुहलाई मूल प्रवाहमा ल्याउनुपर्ने हुन्छ । यी समुहहरू लैंगिक वा जातिय रूपमा पछाडी परे का हुन सक्छन। तसर्थ, मूल प्रवाहमा आउनको लागि छुटेको वा वञ्चित समूहलाई परिचयपत्र आधुनिक आमसञ्चार, बाटोघाटो र जनसम्पर्क सञ्जालमा समाहित गराएमा तिनीहरूको बजार पहुँच सहज हुन जान्छ र स्वत: आर्थिक क्रियाकलापहरूमा भाग लिने मौका पाई प्रत्यक्ष फाइदा उठाउन सक्दछन् ।

## ख) **Reducing Vulnerabilities** (जोखिम न्यूनिकरण)

माथि उल्लिखित समूहमा मानिसहरू बस्ने र काम गर्ने स्थानहरू प्राय प्राकृतिक प्रकोपको अति जोखिमयुक्त क्षेत्रमा रहेको हुन्छ । त्यसका लागि जनजागरण, सूचना र सुरक्षा संजाल व्यवस्था भएमा जोखिम न्यूनीकरण गर्न सजिलो हुने अनुभव गरीएको छ । यस्तो जोखिम कम गर्दै समावेशी आर्थिक क्रियाकलापमा सहभागी भएमा समावेशी आर्थिक विकासमा निश्चयनै टेवा पुग्ने छ ।

## ग) **Business Support System** (व्यवसाय सहयोग प्रणाली)

व्यवसाय/व्यापारलाई प्रतिस्पर्धी र समावेशी आर्थिक विकासलाई परिचालन गर्न व्यवसाय सम्बन्धि सहयोग प्रणाली चुस्तदुरूस्त हुनुपर्छ । जसमा प्रविधि प्रयोग, सूचना व्यवसाय विकास सेवा र वित्त लगानीजस्ता तत्वले मुख्य भूमिका खेलेका हुन्छन् ।

## घ) **Business Enabling Environment (BEE)** व्यवसाय अनुकुल वतावरण

व्यवसाय अनुकुल तथा सहयोगी वातावरण हुनको लागि प्रभावकारी नीति, पूर्वाधारको विकास, बन्दोवस्तीका सामग्रीहरूको गुणस्तरीय परिपूर्ति हुन आवश्यक हुन्छ। यसले व्यवसाय तथा व्यापारको वृद्धि गर्न मद्दत गर्दछ। यी तत्वहरू समावेशी र व्यवसाय सहयो गी निर्यात व्यापार भएमा अति विपन्नले पनि अन्तरराष्ट्रिय व्यापार व्यवसायबाट फाइदा लिई क्षेत्रगत व्यापार विकासमा सहभागिता जनाउन सक्दछन् ।

समावेशी आर्थिक वृद्धिको उपरोक्त चार तत्वहरू सधैं र सबै कार्यक्रम र परियोजनाहरूले सञ्चालन गर्न सक्दैनन् । तर, यसमध्येका कुनै न कुनै तत्वहरूको साथमा आर्थिक अवसरलाई व्यापकता दिन विभिन्न परियोजनाहरू सञ्चालनमा छन् । यी सबैलाई राष्ट्रिय स्तरबाट समन्वय गरी यसको प्रत्यक्ष फाइदा अति विपन्न गरिबहरूले लिन सकेका छन् कि छैनन् भन्ने कुरा अनुगमन, मूल्यांकन र व्यवस्थापनबाट गर्नुपर्ने हुन्छ ।

Go International Project समावेशी आर्थिक वृद्धिमा योगदान गर्ने उद्देश्यले सञ्चालित छ । सो परियोजना सम्बन्धि संक्षिप्त जानकारी तल प्रस्तुत गरिएको छ।

## २. Go International Project

माथि उल्लेखित सन्दर्भमा साना तथा मझौला ब्यवसायहरू(SMEs)को प्रवर्धन गर्दै समावेशी आर्थिक वृद्धिमा योगदान गर्ने उध्येश्यले CNI को नेतृत्वमा Go International Project सन् 2013 Jan देखि सञ्चालनमा रहेको छ ।

यो परियोजना नेपाल एकिकृत व्यापार रणनीति (NTIS) -२०१० र युरोपेली युनियनको नेपाल सहायता रणनीति पत्र (२००७-१३) को भावना अनुसार अन्तर्राष्ट्रिय बजारमा निर्यातको सम्भावना तुलनात्मक लाभ भएका नेपाली वस्तु तथा सेवाहरूको निर्यात प्रवर्द्धन गरी समावेशी आर्थिक र रोजगारी सृजनामा सहयोग पुऱ्याउने दिशामा लक्षित छ त्यस लक्ष्य प्राप्त गर्नका लागि यस परियोजना (NTIS) ले पहिचान गरेको वस्तुहरूलाई अन्तरर्राष्ट्रिय बजार खास गरी युरोपेली बजारमा प्रवर्द्धन गर्ने गरी कार्य योजना तय गरेको छ ।

### क ) चुनौतीहरू

- कमजोर निर्यात क्षमता र चुलिंदो व्यापार घाटा।
- आपूर्तिजन्य अवरोधका कारण अपरिपक्व आपूर्ति शृङ्खला।
- व्यापार संरक्षणवाद र गैरभन्सार अवरोधहरूको बढ्दो उपस्थिति।
- वस्तुगत तथा व्यावसायिक संघ संस्थाहरूको कमजोर
- व्यापार सहजीकरण क्षमता।
- प्रतिकूल व्यावसायिक वातावरणका कारण कमजोर मूल्य शृङ्खला।
- निर्यात व्यापारमा सूचना प्रविधिको न्यून उपयोग ।
- कमजोर व्यापार वार्ता रणनीति ।

### ख ) प्रमुख उद्धेश्य

व्यावसायिक वातावरणलाई सबलीकरण गर्दै निर्यात व्यापार एवम् लगानी विस्तार गरी समावेशी आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्नु ।

## ग ) लक्षित समूह

- परिसंघलगायतका वस्तुगत तथा व्यावसायिक संघ-संस्थाहरू ।
- निर्यात प्रवर्धन तथा व्यापार सहजीकरणमा संलग्न सरकारी तथा संघ/संस्थाहरू ।
- निर्यात व्यावसायमा संलग्न नेपाली व्यवसायी निर्यातकर्ता तथा विदेशी आयातकर्ताहरू र मध्यस्थकर्ताहरू ।
- साना तथा मझौला उत्पादकका साथै सम्भावित महिला तथा युवा उद्यमीहरू ।

## घ ) विशिष्ट उद्धेश्यहरू

- नेपाली उत्पादनहरूको अन्तरर्राष्ट्रिय स्तरमा पहुँच अभिवृद्धि गर्ने ।
- साना तथा मझौला उद्योगहरूको उत्पादन क्षमता अभिवृद्धि गर्ने ।
- वस्तुगत तथा व्यावसायिक संघ संस्थाहरूको संगठनात्मक क्षमता अभिबृद्धि गर्ने ।
- नेपाल एकीकृत व्यापार रणनीतिले पहिचान गरेका प्रमुख वस्तु तथा सेवाहरूको युरोपियन देशहरूमा बजार पहुँच बृद्धि गर्ने।
- निर्यात प्रवर्द्धनमा संलग्न वस्तुगत तथा व्यावसायिक संघ/संस्थाहरूको व्यापार सहजीकरण, बजार विश्लेषण तथा व्यावसायिक मध्यस्थता गर्ने क्षमता अभिवृद्धि गर्न सहयोग गर्ने ।
- अन्तरर्राष्ट्रिय तथा क्षेत्रीय व्यापार सम्झौता र भन्सार तथा गैरभन्सार अवरोधहरूका विषयमा नेपाली निर्यातकर्ताहरूलाई सुसूचित गर्ने र निरन्तर सहायता आदानप्रदान गर्न पाँच स्थानमा निर्यात सेवा केन्द्रहरू स्थापना गरी आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने ।

## ङ ) अपेक्षित परिणाम

Go International Project द्वारा सञ्चालीत कार्यक्रम बाट निम्नलिखित परिणामहरू प्राप्त हुने अपेक्षा गरीएको छ।

### परिणाम - १

पाँचै विकास क्षेत्रमा निर्यात सेवा केन्द्रहरूको स्थापना र प्रभावकारी सञ्चालन

### परिणाम - २

नेपाली निर्यातकर्ता र अन्तरराष्ट्रिय आयातकर्ता (ग्राहक) का लागि परियोजनाले पहिचान गरेका नेपाली निर्यातमूलक वस्तुहरूको विस्तृत विवरणसहितको निर्यात सूचना केन्द्र (Export Information Portal) स्थापना गर्न नेपाल परिसंघको सचिवालयमार्फत सञ्चालन तथा व्यवस्थापन हुने।

## परिणाम – ३

महिला तथा सम्भावित युवा उद्यमीहरूलाई लक्षित गरी एक सय (१००) ओटा व्यावसायिक योजना निर्माण गरिने ।

## परिणाम – ४

साना तथा मझौला उद्यमीहरूको निर्यात प्रवर्द्धनहरूका लागि २ सय ५० ओटा निर्यात वृद्धि रणनीति तयार गर्ने ।

## परिणाम – ५

एक जिल्ला एक उत्पादनको अवधारणालाई थप सशक्त बनाएर पाँच विकास क्षेत्रका १० जिल्लामा विस्तार गर्ने ।

## ३. Go International Project अन्तर्गत समावेशी आर्थिक वृद्धिको कृयाकलापहरू




*Figure 1: Value Chain Intervention of Go International Project*

## Go International Project अर्न्तगत प्रवर्धित १० वस्तुहरु

| बस्तुको नाम | HS Code. | अन्तर्राष्ट्रिय मापदण्ड पुरा गर्नुपर्ने क्रियाकलाप |
|---|---|---|
| १. अलैंची | 090830<br>090930:10<br>090831 | १. उत्पादन तथा बजार सूचना<br>२. प्राविधिक तालिम ३. वकालत<br>४. बजारसम्बन्ध |
| २. चिया | 090, 0902:10:00,<br>0902:20:00,<br>0902:30:00<br>0902:40:00 | १. बजारसम्बन्ध<br>२. प्रबिधि |
| ३. पश्मिना | 621420<br>621420:00 | १. उत्पादन तथा बजार सूचनाहरु<br>२. गुणस्तरीयकरण |
| ४. चाँदी गरगहना | 711311<br>711311:00 | १. सूचना<br>२. बजार सम्बन्ध |
| ५. अदुवा | 091010,<br>091010:00<br>091011,<br>091010:10<br>091010:90 | १. ब्यवसाय बिकास सेवा<br>२. बजार सम्बन्ध<br>३. वकालत |
| ६. पर्यटन | Not Applicable | १. सूचना २. गुणस्तर |
| ७. जडिबुटी | 121190<br>121190:00 | १. उत्पादनको स्तर बृद्धि र दिगो संकलन तरीका २. गुणस्तर ३. बजार सम्बन्ध |
| ८. मसुरो | 071340<br>071340:00 | १. कृषि सामाग्री सूचना<br>२. ब्यवसाय बिकास सेवा ३. सम्बन्ध |
| ९. हाते कागज | 4802<br>480210<br>480210:00 | १. दिगो संकलन तरिका<br>२. गुणस्तर ३. सूचना ४. बजार सम्बन्ध |
| १०. ऊनी उत्पादन | | १. व्यवसाय विकास सेवा २. बजार सम्बन्ध<br>३. वकालत |

# सन्दर्भ सामग्री


- World Trade Organization (2008), Understanding the WTO, 5th Edition. WTO- Information and External Relations Division, Geneva.
- www.wto.org
- www.mocs.org.np
- WTO Book
- WTO and Nepalese Agriculture
- Rao, Palle Krishna, 2005, WTO Text and Cases, New Delhi *(ISBN: 81-7446-430-1)*

अनुसूची–१

## कानूनी सुधारसम्बन्धी कार्ययोजना (Legislative Action Plan) बमोजिम प्रतिबद्धता कार्यान्वयनको संक्षिप्त झलक

| क्र.सं. | विवरण | जम्मा | पूरा भएका | पूरा हुन बाँकी |
|---|---|---|---|---|
| १. | ऐन | २७ | १४ | १३ |
| २. | नियमावली | ६ | २ | ४ |
| ३. | अन्तर्राष्ट्रिय सन्धि/ सम्झौता/ महासन्धि | ४ | ३ | १ |
| ४. | नीति | २ | १ | १ |
| ५. | सम्पर्क बिन्दु | ३ | ३ | ० |
| | **कुल** | **४२** | **२३** | **१९** |

## प्रतिबद्धता पूरा गर्न बाँकी विषय र सम्बन्धित निकायहरु

| क्र.सं | मन्त्रालय | नीति | ऐन | नियमावली | सम्झौता/ महासन्धि | कुल |
|---|---|---|---|---|---|---|
| १. | वाणिज्य तथा आपूर्ति मन्त्रालय | – | १ | १ | १ | ३ |
| २. | उद्योग मन्त्रालय | १ | ४ | ३ | – | ८ |
| ३. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | – | २ | – | – | २ |
| ४. | वन तथा भू-संरक्षण मन्त्रालय | – | २ | – | – | २ |
| ५. | कानून तथा न्याय मन्त्रालय | – | १ | – | – | १ |
| ६. | श्रम तथा रोजगार व्यवस्था मन्त्रालय | – | १ | – | – | १ |
| ७. | अर्थ मन्त्रालय | – | १ | – | – | १ |
| ८. | वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय | – | १ | – | – | १ |
| | **कुल** | **१** | **१३** | **४** | **१** | **१९** |

*श्रोत : MoCS*

अनुसूची-२

# Obligations under WTO Present Status, Agriculture Sector (Updated on Sept. 2013)

| Action | Responsible Organization | Obligation need to be accomplished | Remarks |
|---|---|---|---|
| 1. Establishment of "enquiry point" (Article 7 and Annex B:3) | DFTQC | None | |
| 2. SPS enquiry point (Article 7 and Annex B:2) | DFTQC | None | |
| 3. Approval or Amendments to: Plant Protection Act 1972 | Plant protection Directorate/ Legal Section MoAD | None | |
| 4. Approval or Amendments to: Seed Act 1988 | National Seed Board/ Legal Section, MOAD | None | |
| 5. Designation of authority responsible for making notifications to the WTO and ensuring transparency obligations are met on an ongoing basis. | WTO Section of ABPSD, MoAD | None | |
| 6. Review of all existing regulations and new amendments to ensure regulations are based on risk assessments and sufficient scientific evidence. | MoAD / Legal Section MoAD | None | |
| 7. Upgrading of human resources with special emphasis on quarantine management, meat inspection, veterinary investigation and animal disease risk analysis. | Administration Division, MoAD in coordination with Departments DFTQC, DoA, DLS. | it is ongoing process | Need to be more specific |
| 8. Declaration of pest or disease-free areas and areas of low pest or disease prevalence (Article 6 and Annex A: 6 and A: 7) Department will suggest district for SPS related program planning MoU will be done with the NARC to implement PFA by DoA and DLSO | Plant Protection Directorate, Animal Health Directorate, NARC | | Speed is not satisfactory |

| | | | |
|---|---|---|---|
| 9. Approval or Amendments to: Plant Protection Regulations 1975 | Plant Protection Directorate/ Legal Section MoAD | None | |
| 10. Membership in the International Plant Protection Convention (IPPC) | Administration Division MoAD | None | |
| 11. Implementation of Publication and Notification procedures including a process to take comments into account without discrimination (Annex B: 1, 3, 5 and 10) | WTO Section / ABPSD/MOAD | | Ongoing |
| 12. Initial notification of legislation and regulations to WTO | WTO Section / ABPSD/MOAD | None | |
| 13. Development of SPS guidelines and protocols -DFTQC must take necessary action for finalization of draft. | DFTQC | Good Agriculture Practice (GAP) Analysis is going on | |
| 14. Upgrading and strengthening of quality control unit, laboratory, quarantine system and field veterinary system | DFTQC/ DOA / DLSO | There is need of resources and capacities for risk assessment activities for the updating of regulation and implementation of SPS measures. | |
| 15. Opening new quarantine check post and development of pre and post quarantine facilities (are not completed/ lack of resources) | Plant Quarantine Section / DoA / Animal Quarantine Section / DLS, MoAD | In animal quarantine office: power conferred by law but required manpower not fulfilled. | |

| | | | |
|---|---|---|---|
| 16. Harmonization with international standards, guidelines, and recommendations (Article 3) | DFTQC | Process for the Harmonization of standard on different food products with CODEX is going on. | |
| 17. Control, inspection and approval procedures for all SPS measures | National SPS Enquiry Point | Ongoing process | |
| 18. Review the import of the PIC listed pesticides Methyl Parathion and Monocrotophos | Plant Protection Directorate | Ongoing process | |
| 19. Streamline and scientifically build land border quarantine procedures (in line of APPPC) | Plant Quarantine Section/ Animal Quarantine Section | Ongoing process | |
| 20. Full implementation of the WTO Agreement on Sanitary and Phytosanitary Measures | GoN | | |

श्रोत : *MoAD, WTO Section*

# महत्वपूर्ण ठेगाना

**1. World Trade Organization (WTO)**
Geneva, Switzerland. Website: www.wto.org

**2. Ministry of Commerce and Supplies (MoCS)**
Singhadurbar,Kathmandu
Phone: +977-1- 4211431 Fax: +977-1-4211167
Email: info@mocs.gov.np
Website: www.mocs.gov.np

**3. Ministry of Agriculture Development (MoAD)**
Singhadurbar,Kathmandu
Phone: +977-1- 4211687 Fax: +977-1- 4211935
Email: info@moad.gov.np
Website: www.moad.gov.np

**4. Trade and Export Promotion Centre(TEPC)**
Pulchowk,Lalitpur, P.O.Box 825, Kathmandu
Phone:+ 977-1-5525898, 5532642 Fax: +977-15525464
Email: info@tepc.gov.np

**5. Confederation of Nepalese Industries (CNI)**
Phone: +977-1-5111122 / 23 Fax: +977-1-5111125
Website: www.cnind.org

**6. Agro Enterprise Center (AEC) Federation of Nepalese Chamber of Commerce and Industry**
FNCCI Building, Teku, Kathmandu, Nepal
P.O.Box 76514 Phone: +977-1-4262245 / 4262260 / 4267005
Fax: +977-1-4261671
Email:aec.fncci@mos.com.np

**7. Federation of Woman Entrepreneurs Assciation of Nepal (FWEAN)**

Ramsaha Path, Putalisadak,Kathmandu, Nepal
Phone: +977-1-2003080 Fax: +977-1-4239942
Email:fwean.info@gmail.com
Website: www.fwean.org.np

**8. South Asia Watch on Trade, Economics and Environment (SAWTEE)**

Tukucha Marg, Baluwatar,Kathmandu
P.O.Box:19366 Phone: +977-1-4424360 4444438
Fax: +977-1-4444570
Email: sawtee@sawtee.org
Website: www.sawtee.org

**9. Nepal Pashmina industries Association (NPIA)**

Kathmandu, Nepal
P.O.Box:21712 Phone: +977-1-4254713
Fax: +977-1-4257859
Email: npia@wlink.com.np
Website: www. pashminaassociation.org.np

**10. Nepal Herbs and Herbal Product Association (NEHHPA)**

Teku, Kathmandu
Phone: +977-1-4258535
Email:nehhpa1@gmail.com
Website: www.nepalherb.org

# पुस्तिका प्राप्त हुने स्थान

**1. Confederation of Nepalese Industries (CNI)**
5th Floor, Trade Tower, Thapathali, Kathmandu, Nepal
Phone: +977-1-5111122, 5111123, Fax:+977-1-5111125
Web: www.cnind.org.np, www.gointernational.org.np

**2. World Vision Advocacy Forum (WVAF)**
GPO box 9929, Sunargaun Marga, Ward-14, Kathmandu
Phone: +977-1-4280424, Fax: +977-1-4284111
E-mail: contact@wvafnepal.org
Website: www.wvafnepal.org

**3. Service Development Centre (SDC),** Birtamod, Jhapa
Tel: 023-541102
Cell no: 98510-79997
Mail: aryal.rajendra@cnind.org

**4. Service Development Centre (SDC),** Birgunj, Parsha
Tel: 051-528689
Cell no: 98550-28045
Mail: pushpa.mainalee@cnind.org

**5. Service Development Centre (SDC),** Butwal, Rupandehi
Tel: 071-540046
Cell no: 98570-28955
Mail: rising.yadav@cnind.org

**6. Service Development Centre (SDC),** Nepalgunj, Banke
Tel: 081-523183
Cell no: 9848-201146
Mail: vijay.thapa@cnind.org

**7. Service Development Centre (SDC),** Mahendranagar, Kanchanpur
Tel: 099-523868
Cell no: 9848-754478
Mail: joshi.rajendra@cnind.org